वर्ष : १८, अंक : ५, काठमाडौं, २०७९ बैशाख ३० गते शुक्रबार, 13 May 2022, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

४४ दिन पछि देउवा र मोदी फेरि भेट्दै

## लुम्बिनी बौद्ध विश्वविद्यालयले मोदीलाई ‘अनररी डक्टरेट’बाट सम्मानित गर्ने



काठमाडौं । प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच ४४ दिनपछि फेरि भेट हुन लागेको छ । भारतीय प्रधानमन्त्री सोमबार गर्ने लुम्बिनीमा २५६६ औं बुद्ध जयन्तीको अवसरमा दुई देशका प्रधानमन्त्रीहरुबीच पुनः भेट हुन लागेको हो । चैत १९ गते देउवा र मोदीबीच नयाँ दिल्लीस्थित हैदरावाद हाउसमा पहिले एकल र त्यसपछि प्रतिनिधिमण्डलस्तरमा द्विपक्षीय बैठक भएको थियो । त्यसको डेढ महिनापछि देउवा र मोदीबीच फेरि दिवा भोजसहितको बैठक तय भएको हो । मोदी जेठ २ गते बिहान ११ बजे लुम्बिनी आउने कार्यक्रम तय भएको छ । उनी दिल्लीबाट कुशीनगर झरेर त्यहाँबाट ४ वटा हेलिकप्टर प्रयोग गरेर सोझै लुम्बिनी आउने कार्यक्रम छ ।

देउवा गत वर्ष असारमा प्रधानमन्त्री भएपछि मोदीसँग तेस्रोपटक प्रत्यक्षरूपमा भेट्दैछन् । यसअघि दुई प्रधानमन्त्रीबीच गत नोभेम्बर पहिलो साता संयुक्त राष्ट्रसंघीय जलवायु सम्मेलनका दौरानमा स्कटल्यान्डमा भेट भएको थियो । त्यसपछि देउवा चैत १८ देखि २० सम्म मोदीको निम्तोमा नयाँ दिल्ली गए ।

बुद्ध जयन्तीको अवसर पारेर मोदी लुम्बिनी आउँदैछन् । त्यहाँ देउवा र मोदीबीच तेस्रो बैठक हुन लागेको हो ।

**छलफलका एजेन्डा**

लुम्बिनीमा हुने भेटमा देउवा र मोदीबीच देउवाको पछिल्लो भारतका सहमति कार्यान्वयनबारे छलफल हुनेछ ।

त्यसैगरी लुम्बिनीलाई भारतका बोधगया, सारनाथ र कुशीनगरसँग जोडेर बौद्ध सर्किट अघि बढाउने विषयमा समेत दुई प्रधानमन्त्रीबीच छलफल गर्ने तयारी छ । मोदीसँगको भेटमा पश्चिम सेती जलविद्युत् आयोजना भारतीय कम्पनीलाई निर्माणको ठेक्का दिने बारेमा पनि छलफल हृनेछ ।

मोदी सानो टोली लिएर लुम्बिनी आउन लागेका हुन् । भारतीय विदेश सचिव विनय मोहन क्वात्रा, नेपाल डेस्क प्रमुख अनुराग श्रीवास्तव, भारतीय प्रधानमन्त्री कार्यालय र विदेश मन्त्रालयका अन्य केही अधिकारीका साथमा मोदी लुम्बिनी आउनेछन् ।

लुम्बिनीमा हुने २५६६ औं बुद्ध जयन्ती विशेष समारोहलाई देउवा र मोदीले सम्वोधन गर्नेछन् ।

भारतीय सुरक्षा अधिकारीको एक टोली वायु सेनाको जहाज लिएर बुधबार लुम्बिनी आएर फर्केको छ ।

**‘अनररी डक्टरेट’बाट सम्मान गरिने**

यसैबीच लुम्बिनी बौद्ध विश्वविद्यालयले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई ‘अनररी डक्टरेट’ अर्थात् मानार्थ महाविद्यावारिधिबाट सम्मानित गर्ने तयारी गरेको छ ।

विश्वविद्यालयको कार्यकारिणी सभाले मोदीलाई अनररी महाविद्यावारिधिबाट विभूषित गर्ने निर्णय गरिसकेको छ ।

मोदीको यो पाँचौं नेपाल यात्रा हुनेछ । नेपाल आउँदा कुनै न कुनै धार्मिकस्थलको भ्रमण मोदीको प्राथमिकतामा परेको देखिन्छ । उनी पहिलोपटक सन् २०१४ अगष्टमा नेपाल भ्रमणमा आएका थि ए। त्यतिबेला उनी जनकपुर र लुम्बिनी जान चाहे पनि भ्रमण हुन सकेन ।

*बाँकी अन्तिम पृष्ठमा*

स्थानीय तह निर्वाचन आज

# १ लाख ४५ हजार ११ जना चुनावी मैदानमा

**मधेशवाणी डेस्क**

काठमाडौं । देशैभर शुक्रबार स्थानीय निर्वाचन हुँदैछ । नयाँ संविधान बनेपछि दोस्रो पटक स्थानीय निर्वाचन हुन लागेको हो । यसअघि २०७४ मा तीत चरणमा स्थानीय निर्वाचन भएको थियो ।

निर्वाचन आयोगले स्थानीय तह निर्वाचनको सम्पूर्ण तयारी पुरा भएको जनाएको छ । आयोगका प्रवक्ता सूर्य प्रसाद अर्यालले निर्वाचनको सबै तयारी पुरा भएको जानकारी दिएका हुन् ।

निर्वाचन भयमुक्त र शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउन आयोगले गत मंगलबार रातिदेखि नै मौन अवधि लागू गरेको थियो । मौन अवधिमा आचारसंहिताको पालनाका लागि नियमित अनुगमन संयन्त्रले काम गरिरहेको उनले बताए । मौन अवधिमा भएका आचारसंहिता उलंघनका घटनामा विभिन्न सञ्चारमाध्यम र सामाजिक सञ्जालबाट समेत प्राप्त सूचनालाई आयोगले जानकारीमा लिएको बताए ।

उनका अनुसार आचारसंहितासँग सम्बन्धित विषयमा ६६ वटा स्पष्टीकरण, ९ वटा सचेत र १ वटा ध्यानाकर्षणका निर्णय भएको छ ।

शुक्रबार हुने निर्वाचनमा विभिन्न राजनीतिक दलका ३५५ जना विभिन्न पदाधिकारीहरु निर्विरोध निर्वाचित भइसकेका छन् भने ६ वडा अध्यक्ष सहित ३५ जना स्वतन्त्र सदस्यहरु समेत निर्विरोध निर्वाचित भएका छन् । निर्वाचनमा १० हजार ७ सय ५६ मतदानस्थलका २१ हजार ९ सय ५५ मतदान केन्द्रहरूबाट १ करोड ७७ लाख ३३ हजार ७ सय २३ मतदाताले जम्मा ३५ हजार २ सय २१ जना मध्ये निर्विरोध निर्वाचित भएका बाहेकका पदमा प्रतिनिधि छनौट गर्नका लागि मतदान गर्दैछन् ।

मतदान केन्द्रमा आवश्यक हुने निर्वाचन सामग्रीहरु सहित १ लाख ९ हजार ८८ जना कर्मचारी र ६५ हजार ८ सय ६५ जना स्वयंसेवकहरू आ-आफ्नो मतदानकेन्द्रमा पुगिसकेका छन् । स्थानीय तह निर्वाचनमा भाग लिने भनि दर्ता भएका ७९ वटा राजनीतिक दलहरु मध्ये जम्मा ६५ वटा राजनीतिक दलहरु चुनावी प्रतिस्पर्धामा रहेका छन् । ५५ हजार ६९८ जना महिला र ८९ हजार ३ सय १३ जना पुरुष गरी विभिन्न राजनीतिक दल र स्वतन्त्र उम्मेदवार समेत जम्मा १ लाख ४५ हजार ११ जना चुनावी प्रतिस्पर्धामा रहेका छन् ।

निर्वाचनमा मतदाताले शान्तिपूर्ण वातावरणमा निर्वाध रुपले मतदान गर्ने अधिकारको सुनिश्चितताका लागि शान्ति सुरक्षाको कडा व्यवस्था मिलाउन नेपाल सरकार लगायत सम्बन्धित स्थानीय प्रशासनहरुलाई आवश्यक निर्देशन दिई सकिएको र सो बमोजिम निर्वाचन सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाइएको आयोगले जनाएको छ ।




**मतदान स्थल १० हजार ७५६**
**मतदान केन्द्र : २१ हजार ९५५**
**मतदाता : एक करोड ७७ लाख ३३ हजार ७२३**
**महिला मतदाता : ८७ लाख ४१ हजार ५३०**
**पुरुष मतदाता : ८९ लाख ९२ हजार १० पुरुष**
**अन्य मतदाता : १८३**
**कूल निर्वाचित हुने पद : ३५ हजार २२१**
**निर्विरोध निर्वाचित : ३९०**
**राजनीतिक दल : ६५**
**उम्मेदवार : १ लाख ४५ हजार ११ जना**
**महिला उम्मेदवार : ५५ हजार ६९८**
**पुरुष उम्मेदवार : ८९ हजार ३ सय १३**

## मधेशका शीर्ष नेता को कहाँबाट मतदान गर्दै ?

काठमाडौं । स्थानीय तह निर्वाचनमा शुक्रबार हुने मतदानमा मधेश प्रदेशमा विभिन्न दलका शीर्ष नेताहरुले आआफनै मतदान केन्द्रबाट मतदान गर्ने छन् ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का अध्यक्ष महन्थ ठाकुर मतदान गर्न नजाने भएका छन् । सर्लाहीको बलरा गाउँपालिकामा उनको मतदाता नामावली छ । तर, स्वास्थ्य अवस्था ठिक नभएकाले उनी मतदान गर्न नजाने भएका हुन । ठाकुरको मतदाता नामावली सर्लाहीमा भएपनि उनी महोत्तरी-३ बाट निर्वाचित सांसद हुन् ।

यस्तै सोही पार्टीका नेता राजेन्द्र महतोले सर्लाहीको चन्द्रनगर गाउँपालिका-२ स्थित दुर्गाखोभारी जनता माध्यमिक विद्यालयको मतदान केन्द्रबाट मतदान गर्ने भएका छन् । उनी त्यहाँ पुगिसकेका छन् । उनले धनुषा क्षेत्र नम्बर तीनबाट प्रतिनिधित्व गरेपनि मतदाता नामावली भने सर्लाहीको चन्द्रनगर गाउँपालिकामा रहेको हो ।

यस्तै लोसपाकै नेता अनिल झाले रौतहटको दुर्गाभगवती गाउँपालिका २ स्थित संस्कृत उच्च माध्यमिक विद्यालयबाट मतदान गर्ने भएका छन् । उनी रौतहट क्षेत्र नम्बर एकबाट प्रतिनिधित्व गर्छन् ।

नेपाली काँग्रेसका नेता विमलेन्द्र निधिले स्थानीय तह निर्वाचनमा गृह जिल्ला धनुषाबाट मतदान गर्दै छन् । धनुषाको

*बाँकी अन्तिम पृष्ठमा*

## नियोजितरुपमा बदनाम गर्न खोजियो : अध्यक्ष अन्सारी



काठमाडौं । मुस्लिम आयोगका अध्यक्ष समिम मियाँ अन्सारीले नेकपा एमालेका सचिव तथा पूर्व उपप्रधानमन्त्री रघुवीर महासेठ, उनकी पत्नी जुली महतो र एमाले जनकपुर नगर कमिटीका अध्यक्ष सुरेन्द्र भण्डारीले नियोजित रुपमा आफूलाई बदनाम गराएको आरोप लगाएका छन् ।

जनकपुरबाट काठमाडौं ओर्लने बित्तिकै अन्सारीले निर्वाचन आयोगको कार्यालयमा पत्रकार सम्मेनलको आयोजना गरेर यस्तो दाबी गरेका हुन् । उनले आफूलाई बदनाम गराउन महासेठ दम्पत्तिले सुरेन्द्र भण्डारी नेतृत्वमा टोली पठाएको पनि बताए ।

उनले भने,‘आज बिहीबार १५/२० जना गुण्डाहरु जनकपुरमा म बसेको होटेलमा प्रवेश गर्दै नाराबाजी गरे । करोडौं रुपैयाँ बाँडेको भनेर गलत आरोप लगाए । म कुनै पार्टीको नेता तथा कार्यकर्ता होइन । म सिंगो मुस्लिम समूदायको उत्थानको लागि लागिपरेको छु, मैले आफूले पाएको जिम्मेवारी स्वतन्त्र रुपमा निर्वाह गरिरहेको छु ।’ उनले आफू जनकपुर पुग्नेबित्तिकै आफ्नो चरित्रहत्या गर्ने तयारी भएकोबारे सूचना पनि राखेको सुनाए । उनले यसबारेमा एमाले अध्यक्ष केपी शर्मा ओली र मानव अधिकार आयोगकाको पनि ध्यानाकार्षण गराएको जनाए । उनले आफूलाई बदनाम गराउनेहरुलाई कारबाही गर्न माग गरे ।



## सम्पादकीय

# उचित मतको उचित प्रयोग

देश स्थानीय निर्वाचनको सम्मुखमा आइसकेको छ। ३० वैशाख शुक्रबार संघीय व्यवस्था लागु भएपछि दोस्रो पटक स्थानीय तहको निर्वाचन हुँदैछ। छ महानगर, ११ उपमहानगर, २७६ नगर र ४६० गाउँपालिका गरी ७५३ वटै पालिकामा निर्वाचन उत्सव रोचक बनेको छ।

यस पटकको निर्वाचनमा ३५ हजार २२१ जनप्रतिनिधि निर्वाचित हुनेछन् । लगभग एक करोड ७० लाख मतदाताले मतदान गर्न पाउनेछन् । एक लाख ४५ हजारभन्दा बढी सङ्ख्यामा अन्तिम उम्मेदवारी कायम छ। यसरी हुने निर्वाचनले प्रजातन्त्रको प्राथमिक उपादेयता जनाउँछ।

राजनीतिशास्त्रीहरुका अनुसार प्रजातन्त्रका तीन विशिष्ट आयाम हुन्छन्, राजनीतिक, आर्थिक तथा सामाजिक/नैतिक। तीनमध्ये निर्वाचनले राजनीतिक आशयलाई पूर्णपरिभाषित र प्रतिविम्बित गर्छ। निर्वाचनकै कारण देशमा राजनीतिक दलको गठन तथा विघटन हुन्छ।

स्थानीय निर्वाचनले विकासको प्रवाहलाई पनि सघाउँछ, नागरिकलाई गुणस्तरीय सेवा प्राप्तिको मौका मिल्छ। दक्षिण एसियाकै देशहरूलाई नमुनामा राखेर गरिएको एक अनुसन्धानमा दैनिक जनजीवनसँग जोडिएका झन्डै ४० प्रतिशत विकासका कामहरू निर्वाचन आसपास र ६० प्रतिशत अन्य समयमा हुने गरेको तथ्याङ्क छ। सङ्घीयताको मुख्य जग पनि स्थानीय तह नै हुन् ।

नागरिकले स्थानीय निर्वाचनमा मताधिकारको पनि बृहत्तर अभ्यास गर्न पाउँछन् । हरेक मतदाताले निकायको प्रमुख र उपप्रमुख, वडाध्यक्ष, अनि चार वडा सदस्य गरी सात जनालाई मतदान गर्नुपर्छ। यसरी आउने सातमध्ये कम्तीमा तीन प्रतिनिधि महिलासमेत हुनुपर्ने भएकाले स्थानीय निर्वाचनले समावेशिताको दायारासमेत फराकिलो र सङ्ख्यासमेत उल्लेख्य रूपमा बढोत्तरी गराउँछ। स्थानीय तहमा धेरै सङ्ख्यामा उम्मेदवार हुने हुँदा हरेकसँगको भेटघाट र भलाकुसारीले अतिरिक्त ज्ञान तथा सूचना प्रवाह हुन्छ, मतदाताको बुझाईको दायरा फराकिलो बन्छ। मतदाता प्रशिक्षणको रफतारले नयाँ उचाइ लिन्छ।

मतदानका दिन भएको गल्तीका कारण जनताका वास्तविक समस्या बेवास्ता गरेर विगतका कतिपय जनप्रतिनिधिले ५ वर्ष बित्थामा खेर फालिदिए। फेरि पनि त्यसरी नै समय खेर जान नदिन मतदाताले पनि विवेक र सुझबुझ प्रयोग गर्नुपर्छ।

गठबन्धनको संस्कृतिले आपसी तालमेलको संस्कारमा अभिवृद्धि भएको छ। राजनीतिक रूपमा हुने झै-झगडा, अधिक विरोधाभाषका अवस्था अनि अनावश्यक कटुतासमेत कम हुन्छ। मित्रवत राजनीतिक सहभागिताका आधार निर्माण भएका छन् । निर्वाचन एउटा उत्सव हो, सबैले सौहार्दतापूर्वक मनाउनुपर्छ भन्ने विचार स्थापित हुँदैछ। यदाकदा युद्धभूमि जस्तो हुने निर्वाचन प्रथा परिस्कृत बन्दैछ।

स्थानीय तहका नेतृत्वसँग नागरिकको नजिकको सम्बन्ध हुन्छ र चुस्त सेवा प्रदान गर्न पनि सहजता रहन्छ। सुशासनको प्रत्याभूति स्थानीय तहको सबैभन्दा प्रधान सौन्दर्य हो। सुशासनका विभिन्न आठ सूचक हुन्छन् । कुनै देश, संस्था अनि त्यसबाट सम्पादन हुने हरेक गतिविधिको सुशासन स्तर मापन गर्दा यही आठ सूचकलाई सर्वमान्य रूपमा प्रयोग गर्ने प्रचलन छ। सहभागिता, उतरदायित्व, पारदर्शिता, स्वीकार्यता, प्रभावकारिताजस्ता अवस्थाको अधिक अभ्यासचाहिँ यही तहमा बढी हुन्छ।

स्थानीय तहमा असल र योग्य व्यक्ति निर्वाचित भए जनताले पाउने सेवा र सुविधा बढ्न सक्छ भने प्रभावकारी पनि हुनसक्छ । मतदाताले विवेक प्रयोग गर्न नसके गलत व्यक्ति निर्वाचित हुन्छ। त्यस्तो व्यक्तिले निजी स्वार्थका लागि स्थानीय तहको स्रोत साधनको दुरुपयोग गर्छ भने सार्वजनिक सम्पत्ति पनि हिनामिना गर्छ। यस्ता बग्रेल्ती उदाहरण विगतमा प्रकट भइसकेका छन् ।

मतदानका दिन भएको गल्तीका कारण जनताका वास्तविक समस्या बेवास्ता गरेर विगतका कतिपय जनप्रतिनिधिले ५ वर्ष बित्थामा खेर फालिदिए। फेरि पनि त्यसरी नै समय खेर जान नदिन मतदाताले पनि विवेक र सुझबुझ प्रयोग गर्नुपर्छ।

उम्मेदवारको निष्ठा र आचरण उसको चरित्र निर्धारण गर्ने महत्त्वपूर्ण आधार हुन् । चरित्रहीन व्यक्तिहरूले पटकपटक निष्ठा पनि परिवर्तन गरेको देखिन्छ। आफ्नो सबैभन्दा नजिकको सरकार निष्ठाहीनहरूका हातमा जिम्मा दिनु आत्मघाती मूर्खता हुन्छ।

यसैगरी विचार, वचन र कर्ममा समेत अहिंसक, लोकतान्त्रिक र इमानदार व्यक्ति नै योग्य जनप्रतिनिधि साबित हुन्छ। प्रचलित व्यवस्थाप्रति नै आस्था नभएका व्यक्तिले निर्वाचित पदको अधिकार तथा स्रोत साधनको दुरुपयोग गर्न सक्छ। यसैले मतदान गर्नुपूर्व नै राम्ररी उम्मेदवार र निजले प्रतिनिधित्व गर्ने दल वा संस्था, समूहको पृष्ठभूमिका सम्बन्धमा पनि ध्यान दिनु जरुरी देखिन्छ। मतदानपछि पछुताउनु नपर्नेगरी मतदाताले विवेक प्रयोग गरून् ।

# स्थानीय सरकार र जनअपेक्षाहरू

**विचार-विश्लेषण** भाग-१३३



उपेन्द्र झा

आज स्थानीय निर्वाचनमा भाग लिने प्रतिस्पर्धीहरुको भाग्यको फैसला हुने दिन । मतदाताले कसलाई ५ वर्षकालागि पदासीन गराउने र कसलाई भोज खाएर पनि रुवाउने दिन । सबै उम्मेदवार आफ्ना इष्टदेवको स्तुतिमा लीन छन् । क्षीण आस्थाको बलमा सफलता पाउने आशा गर्दै अरुलाई चकित पार्ने पूर्ण विधी विधानका साथ पूजाका आयोजन । कुनै चमत्कार गराई दिन यज्ञ सरहका धार्मिक अनुष्ठानको आयोजन । सफलता पाउन हरेक प्रयास गर्ने दृढ संकल्प । लगानी बिना चुनाव जितिदैन भन्ने अटल मान्यता अनुसार चुनावभरि मतदातालाई खुशी पार्न शाकाहारी र माँसाहारी जे भन्यो आहार व्यवहार गरेकै हो । सामुदायिक माँग पूरा गरेकै हो । तथापि सफलता पाउन संदेह रहेकोले सो संदेह निवारणका लागि धर्मको आश्रयमा गएको हो ।

किन हुन्छ संदेह ? मतदाता भोज खाएर पनि मत नदिने आशंका, जनतालाई खुशी पार्न नसकेको शंका, जनसेवाको सट्टा निजी स्वार्थमा व्यस्त रहेका कारण शंका आदि अनेक शंका उपशंकाबाट ग्रसित उम्मेदवारहरु व्यापार प्रतिष्ठानमा सबैथोक लगानी गरेको छ । एउटा सीटमा ५, १० जना प्रतिस्पर्धीले मतदातालाई नगद र भोज ख्वाएर आफ्नो पक्षमा पार्न दुई हप्तादेखि अनवरत प्रयास गरेका छन् । जनता सबैका भोज खान्छन् । के ठेगान कसको जीत हुन्छ ? एकैसंग टाँसिएर अरुसंग बैरभाव लिनु हुँदैन । तर्क पनि सही हो । सर्वसाधारणले दैनिकी अनेक समस्यासंग जुध्नु पर्छ । त्यसकारण पनि सबैसंग मेल राख्नु उसको बाध्यता हो । मतदाताको यही व्यवहार खेलाडीहरुलाई शंकाको घेरामा पारि दिएको छ ।

निर्वाचन मतदाताहरुकालागि उत्सव हो । यसको भरपूर फायदा उठाउने उसको अधिकार पनि हो । चुनावपछि बिना पैसा कुनै काम हुने चान्स नै छैन । सित्तैमा आउने कुरालाई छोड्नु मूर्खता हो भन्ने उसको अनुभवले सिकाएको छ । सबैको भोज खाएर उसको मनले कसलाई चिताएको छ, उसलाई आफ्नो मत दिन्छ । मतदाताको यही व्यवहारले व्यापारी प्रतिस्पर्धीहरु भयभीत बनेका छन् । व्यापारी प्रतिस्पर्धीहरुको जीतहारसंग मतदाताहरुको कुनै सरोकार हुँदैन । मतदाताको काम आफूले चिताएको उम्मेदवारलाई मत दिने हो ।

हारेका व्यापारीहरुको लगानी डुब्ने, टाट पल्टिने चुनौती छन् । त्यसकारण पनि उनी कूलदेउताको स्तुतीमा आफ्नो अन्तिम उम्मीद जोडेको छ । जोड्नु पनि पर्दछ । पैसा खेर फाल्नु हुँदैन । त्यति पैसा कमाउन कति नैतिकताको पतन भएको होला । चारित्रिक अवमूल्यन भएको होला । व्यापारिक प्रतिस्पर्धामा पैसा र चरित्र दुबै सिद्धिने खतरा छ । लाभ कमाउने व्यक्तिका लागि यस्तो व्यापार घाटा असह्य हुन्छ र जीत हासिल गर्न अपराधकर्ममा लिप्त हुन्छन् । बूथ लुट्ने, चुनाव बदर गराउने आदि कार्यहरु यसैका पाटा हुन् ।

राजनीतिक दलहरु व्यापारिक प्रतिष्ठानमा परिणत भएका छन् । स्थानीय चुनावका उम्मेदवारहरु तिनै दलहरुका सिपाहीहरु हुन् । चुनाव निष्पक्ष गराउने, स्थानीयलाई स्वायत्त अधिकारको प्रयोग गर्न दिने, स्थानीय जनतालाई आफ्नो प्रतिनिधी छान्ने अधिकार छ आदि सबै भन्ने र अरुलाई लोकतन्त्रको प्रयोगबारे देखाउनबाहेक अरु केही होईन । प्रत्येक उम्मेदवार केन्द्रको सहयोग निर्देशनमा चुनाव लडेका छन् । जनतालाई सार्वभौम शक्ति सम्पन्न भनिएपनि जनता आफ्नो मत जाहेर गर्न स्वतन्त्र छैन । अनेक विधी र व्यवहारबाट जनता बाँधिएका छन् । स्वतन्त्रता भन्ने शब्द जनताले नबुझेका छन् न अनुभूति गरेका छन् ।

नेपाली राजनीति संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यासमा रहेपनि शासकवर्गको हितबाहेक जनताले यसलाई अनुभूत गर्न सकेको छैन । हुनत यो अभ्यासको ६ वर्ष धेरै समय त होईन, तर पनि जनतालाई यसको स्वाद दिलाउन कुनै प्रयास नै नरहेको चिन्ताको विषय हो । स्थानीय चुनावमा केन्द्रको प्रत्यक्ष हस्तक्षेपले स्थानीय अधिकारको स्वत: उल्लंघन भएको छ । संघीय लोकतान्त्रिक गणतन्त्र प्रणालीभित्र पनि जनतालाई राज्यको कानून मान्न बाध्य गर्ने, करको बोझ थप्ने तथा चुनाव प्रक्रियामा सहभागी नगराउने यो कस्तो अधिकारको विकेन्द्रीकरण हो ?

लोकतान्त्रिक समाजवाद देश र जनताको उन्नती, प्रगति र समृद्धिसंग सम्बन्ध राख्दछ । यसलाई संचालन गर्ने प्रतिनिधी जन सरोकारको विषयसंग गम्भीर बनेको हुन्छ । परोपकारी चरित्र भएका जन प्रतिनिधीहरुले आफ्नो कार्य कुशलता र क्षमताको प्रयोग गरेर देशको उन्नती, प्रगतिमा तल्लीन भई राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा लोकप्रियता हासिल गर्दछ र उ जनप्रिय बन्दछ । तर नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको बोर्ड लगाएर शासक र शासितको वर्गीकरण गरिएको छ । चुनावमा जन प्रतिनिधी होईन, दलप्रतिनिधी छान्ने प्रक्रिया चलनमा ल्याईएको छ । केन्द्रदेखि स्थानीय तहसम्म दलहरुकै एकाधिकार छ । जनता स्वायत्त अधिकार प्रयोग गर्न स्वतन्त्र छैन । जन अधिकारको अभ्यास गर्न नदिने कुरामा नेपाली काँग्रेस, एमाले र माओवादी सबै एकमत देखिन्छ ।

प्रजातन्त्र पुनर्स्थापनाको ३२ वर्षमा लोकतन्त्रका हिमायतीहरुले न लोकतन्त्रका मर्म बुझ्न सके, न जनउत्तरदायी लोकतन्त्रको प्रयोग गर्न सिके । सत्तामा आएपछि शासकीय मनोवृतिको विकास भयो । यसलाई अक्षुण्ण राख्न सबै राजनीतिक दलमा समान धारणाको विकाससंगै शासक र शासितवर्गको जन्म भयो । निजी स्वार्थमा लोकतन्त्रको प्रयोग शासकवर्गका लागि अति कल्याणकारी साबित भएकोले यसलाई जनउत्तरदायी बनाउन सबैले बिर्से । यसरी यो शासकवर्गको एकाधिकारभित्र कैद भयो ।

चुनावद्वारा जनप्रतिनिधी छान्ने प्रक्रिया देखाएर पार्टी प्रतिनिधी जीताएर देशभरि आफ्नो नेटवर्क तयार गरि अवैध व्यापार गरि पैसा कमाउने व्यापारिक प्रतिष्ठानले ३२ वर्षमा देशको माया लागेन । सामाजिक सहिष्णुता, संस्कृति, भ्रातृत्वलाई तहसनहस गरि बिकृत नेपाली समाज मात्र बनाएन, देशको अर्थतन्त्रलाई चौपट पारेर परनिर्भरताको दलदलमा धकेलेको छ । सामाजिक, आर्थिक, राजनीतिक अराजकता बढाएर देशलाई कंगाल बनाउने यी राजनीतिक घरानाहरु लोकतान्त्रिक तानाशाहको रुपमा उदाएका छन् ।

सामाजिक, आर्थिक, राजनीतिक अराजकता बढाएर देशलाई कंगाल बनाउने यी राजनीतिक घरानाहरु लोकतान्त्रिक तानाशाहको रुपमा उदाएका छन् । स्वायत्त अधिकार प्रयोग गर्नबाट वञ्चित स्थानीय जनताले जनप्रतिनिधिको सट्टा दलप्रतिनिधि छानेका छन् । देशमा राजनीतिक एकाधिकार कायम राख्न देशभरि स्थानीय तहमा आफ्ना भोलेन्टियर जिताएर लैजाने व्यापारिक घरानाहरुको मनसाय के हो त्यसै स्पष्ट हुन्छ ।

स्वायत्त अधिकार प्रयोग गर्नबाट वञ्चित स्थानीय जनताले जनप्रतिनिधिको सट्टा दलप्रतिनिधि छानेका छन् । देशमा राजनीतिक एकाधिकार कायम राख्न देशभरि स्थानीय तहमा आफ्ना भोलेन्टियर जिताएर लैजाने व्यापारिक घरानाहरुको मनसाय के हो त्यसै स्पष्ट हुन्छ । तीनवटै राजनीतिक दलहरुको मानसिकतामा देशप्रेम कहिले पलाउँछ, प्रतीक्षा गरौं ।

janukjha24@gmail.com

# महानिरीक्षक अर्यालबाट निर्वाचन सुरक्षार्थ देशभर परिचालित सशस्त्र प्रहरी कर्मचारीहरूलाई निर्देशन

काठमाडौं । सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयबाट निर्वाचन सुरक्षार्थ देशभर खटिएका सकल दर्जाका राष्ट्रसेवक सशस्त्र प्रहरी कर्मचारीहरुलाई आसन्न स्थानीय तह निर्वाचनलाई शान्तिपूर्ण र भयरहित वातावरणमा पुरा गराउन प्रतिबद्ध भएर लाग्न निर्देशन दिएका छन् ।

उनले निर्वाचन सुरक्षामा खटिएका राष्ट्रसेवकहरुले कार्यक्षेत्रमा देखाएको उत्साहपुर्ण परिचालनको प्रशंसा गर्दै निर्वाचनमा खटिएका सशस्त्र प्रहरी कर्मचारीहरुको बन्दोवस्ती एवं राशन व्यवस्थापन, स्वास्थ्य, अनुशासन, पेशागत दक्षता प्रदर्शन, सीमा सुरक्षामा परिचालन, चोरीतस्करी नियन्त्रण लगायतका जिम्मेवारीका क्षेत्रहरुमा परिचालित भई सम्पादन गरेका कार्यहरुको सुक्ष्म रुपमा अनुगमन गर्ने गरी प्रधान कार्यालयबाट अनुगमन टोली समेत परिचालन गरिएको बताए ।

महानिरीक्षक अर्यालले निर्वाचन सुरक्षा प्रयोजनको लागी उपलब्ध श्रोतसाधनको अधिकतम उपयोग गरी नेपाल सरकारबाट प्राप्त नीति निर्देशनलाई पालना गर्दै बिभिन्न निकायहरुसग समन्वय र सहकार्य गरी आर्थिक अनुशासनमा रहेर मानवअधिकारको सम्मान गर्दै जिम्मेबारी निर्वाहमा क्रियासिल रहन निर्देशन दिँदै लैगिंक हिंसा र गैह्र व्यवसायिक कार्यमा संलग्न रहने सशस्त्र प्रहरी कर्मचारीहरुलाई कारबाही गरिने समेत बताए ।

उनले निर्वाचन क्षेत्रमा खटिएका सशस्त्र प्रहरी कर्मचारीहरुलाइ निर्वाचन सुरक्षा, आचारण संहिता र पदयी आचरणमा रहि अनुशासन, ईमान्दारिता र लगाशिल भई कार्यक्षेत्रमा परिचालन हुन निर्देशन दिनुहुँदै सुरक्षा क्षेत्रमा परिचालन हुँदा सशस्त्र प्रहरी कर्मचारीहरुले आफुले गरेका गतिविधिहरुलाई सामाजिक संजालमा सेयर तथा पोष्ट गर्न नहुने कुरा समेत बताए ।

कमाण्डर तहका अधिकृतहरुले विभिन्न सुरक्षा निकायका प्रमुखहरुसँग समन्वय र सहकार्य गरी सबै निर्वाचन क्षेत्रहरुमा सुरक्षाको भरपर्दो व्यवस्था मिलाउन निर्देशन दिनुहुँदै सशस्त्र प्रहरी महानिरीक्षक अर्यालले भने-‘जस्तोसुकै चुनौती भित्र अवसर पनि अवश्य लुकेको हुन्छ सामना गर्न सक्नुपर्छ।’

उक्त कार्यक्रम लाईभ भिडियो स्ट्रिमिङ्ग तथा सशस्त्र प्रहरी बल नेपालको संचार मार्फत सम्पूर्ण इकाईहरुमा हेर्ने र सुन्ने व्यवस्था मिलाईएको थियो ।

आसन्न स्थानीय तह निर्वाचन २०७९ लाई भएरहित वातावरणमा शान्तिपूर्वक सम्पन्न गराउन देशभर परिचालित भएका सशस्त्र प्रहरीहरुको स्थलगत अनुगमन तथा निरीक्षण गरी व्यावसायिक र चुस्त दुरुस्त रुपमा जिम्मेवारी निर्वाहमा क्रियासिल गराउन सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयले सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक र सशस्त्र प्रहरी उपरीक्षकहरुको नेतृत्वमा बैशाख २५ गते सबै प्रदेशमा एक/एक टोली परिचालन गरेको छ।

कायम मुकायम सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षकहरु कमल प्रसाद तिउसिना गण्डकी प्रदेश, किरण बस्नेत नं. १ प्रदेश, उद्धव बहादुर न्यौपाने मधेष प्रदेश, राजेन्द्र खड्का सूदुपश्चिम प्रदेश, युवराज अर्याल लुम्बिनी प्रदेश, त्यसैगरी सशस्त्र प्रहरी उपरीक्षकहरु टोप बहादुर खनाल बाग्मती प्रदेश र अच्युत कुमार मजगैयाँ कर्णाली प्रदेशमा विशेष जिम्मेवारीका साथ निर्वाचन लक्ष्यीत सुरक्षाको लागि खटिएका हुन् ।

सो टोली प्रदेशस्थित सम्बन्धित विभिन्न कार्यालय तथा व्यक्तिहरुसँग समन्वय राखी निर्वाचनमा परिचालीत सशस्त्र प्रहरी जनशक्तिलाई उच्च मनोबलकासाथ कार्यक्षेत्रमा खटाई आवश्यक निर्देशन दिनुको साथै कार्यक्षेत्रमा भईपरि आउने समस्या तथा चुनौतीहरुलाई पन्छाउँदै शान्तिपूर्वक निर्वाचन सम्पन्न गरि फिर्ता हुनेछन् ।

# 'लिडर'भन्दा पनि पदाधिकारी चयनमा मधेश अभ्यस्त देखियो

- यो निर्वाचनले कि नयाँ सत्ता स्थापित गर्छ वा पुरानालाई निरन्तरता दिन्छ ।
- मधेश प्रदेशमा कांग्रेस र एमालेको स्थिति सुदृढ देखिन्छ ।
- निर्वाचनमा मधेशी पार्टीको अवस्था खस्किन्छ ।
- यो स्थानीय निर्वाचनमा मधेशी पार्टीहरुले जानाजान मधेशको सवाल, मधेशीहरुको अधिकारको सवाललाई उठाइरहेका छैनन् ।
- मधेशी जनताको पनि मुड कस्तो देखिन्छ भने अब जसले भारी बोक्नै सक्दैन, जो कमजोर छ, त्यसको टाउकोमा यो अधिकारको भारी बोकाएर के गर्ने ?
- यो निर्वाचनले संघीयताका तहहरुलाई अलि बढी स्थापित गर्छ ।
- स्थानीय चुनावको समग्र परिणाम आएपछि फेरिएको स्थिति आउन सक्छ ।



## जयप्रकाश प्रसाद गुप्ता

### पूर्वमन्त्री एवं संयोजक, तराई मधेश राष्ट्रिय अभियान

**० स्थानीय तह निर्वाचनको पूर्वसन्ध्या अर्थात् मौन अवधिलाई कसरी हेर्नुभयो ?**

– मौन अवधि एउटा प्राविधिक समयावधि हो, जसमा निर्वाचन आयोगले औपचारिक रुपमा उम्मेदवारहरुलाई उसको प्रचार कार्य नगर्नका लागि आदेश दिएको हुन्छ । कतिपय बन्देजसहितको आचार संहिता लागू भएको अवधि हो । यसमा खुल्लेआम केही कार्यलाई बन्देज गरिए पनि उम्मेदवार र उनका पक्षधरहरु कुनै न कुनै रुपमा जनताका सम्पर्कमा रहेको देखिन्छ । यस शिलशिलामा फाटफुट घटनाहरु पनि भइरहेका हुन्छन् । पहिलेका निर्वाचनहरुलाई हेर्दा समग्रमा मौन अवधि बढी प्रभावकारी भएको देखिन्थ्यो । अहिले सामान्य प्रकारका घटनाहरु भएका छन् । उम्मेदवारहरु र राजनीतिक दलहरुले पनि बढी सचेतता अपनाएको देखिन्छ । केही हदसम्म निर्वाचन आयोगको निगरानी पनि बढेको अवस्था छ ।

**० पहिलेभन्दा यसपटकको निर्वाचनमा निर्वाचन आचार संहिता प्रभावकारी रुपमा लागू भएको हो ?**

– राजनीतिक दलहरुले जहिले पनि आचार संहितालाई छलछाम त गरी नै रहन्छ । तर पहिले-पहिलेका निर्वाचनहरुलाई विचार गर्दा यसपटक कम भड्किलो प्रचारहरु भएको देखिन्छ, सवारी साधनहरुको कम प्रयोग भएको देखिन्छ । त्यसकारणले पूर्णरुपले आचार संहिता लागू भएको त भन्दिँन, तर जेजति भएको छ, त्यो प्रभावशाली छ । आचार संहिता पालना गर्नुपर्छ भन्ने विस्तारै देखिन्छ । पहिलेको अवस्थासँग तुलना गर्ने हो भने सुधारिएकै भन्न सकिन्छ ।

**० मौन अवधिमा उम्मेदवार र दलहरुलाई प्रचार-प्रसार गर्ने वा आ ̄नो प्रभावमा पार्ने कार्यलाई बन्देज गरेको हुन्छ, तर मतदाताले यो अवधिलाई कसरी सदुपयोग गर्नुपर्ने हो ?**

– मधेशमा एउटा भनाइ छ, 'जस रोगी भावे, तस वैद्या फर्माबे' । अर्थात् रोगीले जस्तो औषधिको अपेक्षा गर्दछ, वैद्य वा डाक्टरले त्यस्तै औषधि दिन्छ । मधेशमा खास गरेर चरम गरिबी छ । चुनावलाई राम्रो खाना पाउने, पिउन पाउने, माछा मासुको भोज हुने, दुई-चार दिन हुलमा यताबाट उता रमाइलो गर्न जाने, पैसामा भोट बेच्ने अपेक्षा र चाहना केही मान्छेहरुमा देखिन्छ, खासगरी गरिब गुरुवाहरुमा । त्यसलाई परिपूर्ति गर्नका लागि राजनीतिक पार्टीहरु, धनाढ्य उम्मेदवारहरु सदैव तत्पर हुन्छ । खास गरेर अहिले मौन अवधिमा मैले प्रत्यक्ष रुपमा देखेको छु कि कुखुराको मासु अहिले अरुचिकर भयो र मान्छे भन्न थाल्यो कि खसी काट्नुपर्‍यो । म वीरगन्जबाट सप्तरी आउने क्रममा महागढीमाई नगरपालिकामा सभासद् भइसकेका एक जना नेता मलाई भने कि यो नगरपालिकामा दुई/तीन ठाउँमा दुई/तीन सय किलो खसीको मासु पाकिरहेका छन् । सप्तरीकै कञ्चनरुप नगरपालिकाको कतिपय वडाहरुमा मेस चलिरहेको थियो । सर्वत्र यो स्थिति देखिन्छ, खासगरी धनाढ्य पार्टीको तर्फबाट यस्ता कामहरु भइरहेका छन् । जो यसअघि पनि जनप्रतिनिधिको रुपमा निर्वाचित भएका थिए, जोसँग पैसा छ उनीहरुले खुल्लेआम रुपमा यस्ता काम गरिरहेका छन् ।

**० तर, त्यस्ता भोजहरु भइरहँदा राज्यको तर्फबाट निगरानी छैन ?**

– आजभन्दा १५ दिन अगाडिदेखि नै त्यस्ता धनाढ्य उम्मेदवारहरुले रक्सीहरु जम्मा गरेर राखेका थिए र दिनहुँ मासु र रक्सी खुवाइरहेका छन् । यत्रो ठूलो जनसंख्या भएको बस्तीमा १०/१५ जना प्रहरी पठाएर निर्वाचन आयोगले के गर्न सक्छ ? भन्नाले म नदेखेजस्तो गर्छु, तिमी गर्दै गर भन्ने भाव जस्तो अवस्था अहिले देखा परिरहेको छ ।

**० उम्मेदवार तथा दलहरुको घोषणापत्रहरुलाई कसरी हेर्नुभएको छ ?**

– म केही दिनदेखि मधेशका विभिन्न जिल्लाहरुको भ्रमण गरेको थिएँ । मैले बुद्धिजीवी, सामान्य मतदाता र राजनीतिक दलका कार्यकर्ताहरुलाई भेट्दा कुनै पनि पार्टीको घोषणापत्रबारे चर्चा गरेको पाइन्नँ । सबै ठाउँमा जीत-हारको आँकलन, उम्मेदवारहरुको जातीय स्थिति, कुन पार्टीले कुन जातिको मान्छेलाई भोट बैंक बनाएर उम्मेदवार प्रस्तुत गरेको छ, साधन र स्रोतको चरम दुरुपयोगका कुराहरुबारे मात्रै चर्चा-परिचर्चा गरेको पाएँ । जस्तै, अहिले उपेन्द्र यादव मधेशको बडो ठूलो नेता हुनुहुन्छ तर गत सात/आठ दिनमा कुनै जिल्लामा उहाँको उपस्थिति देखिएको छैन । उहाँ विराटनगर महानगरपालिका समातेर बस्नुभएको छ । यसकारणले कि त्यहाँ उहाँको छोरा उपमेयरको उम्मेदवार छन् । उहाँले आफ्नो छोरालाई पार्टीको प्रतिष्ठा, आफ्नो प्रतिष्ठा, आफ्नो जातिको प्रतिष्ठा बनाउनुभएको छ । त्यसै प्रकारले वीरगन्जमा मैले देखें कि कम्युनिष्ट पार्टीबाट उठेको छ त्यो कुरा छाडिदिनुस्, तर व्यापारी हो, मारबाडी हो, विजयकुमार सरावगीलाई जिताउनुपर्छ भन्ने कुरा देखियो । त्यसैले, पार्टी वा उम्मेदवारहरुको घोषणापत्रले कुनै किसिमको हर्ष वा विस्मात्को अवस्था देखिएन । तैपनि पार्टीहरुले बिरालोको घाँटीमा घण्टी बाँधिदिने चलनअनुसार निर्वाचनको बेलामा घोषणापत्र जारी गरे । तर घोषणापत्रको बारेमा कहीं कतै कुनै चर्चा, छलफल भएको देखिएन ।

**० चुनावी सभाहरुमा हाइप्रोफाइल नेताहरुको अभिव्यक्तिले मतदाता कति प्रभावित हुन्छन् त?**

– पढेलेखेका बुद्धिजीवी, सचेत मतदाता वा नागरिक समाजले यो ठहर गरेका छन् कि ठूला नेताहरुको स्तर धेरै घटेको छ । ठूला नेताहरुले आफ्नो पारिवारिक विजय अथवा आफ्नो अहंकारको विजयको रुपमा निर्वाचनलाई सञ्चालन गर्न खोजेको देखिन्छ । लोभ लालचका कुराहरु प्रशस्त छन् । गाउँ-गाउँमा रेल, कल्पनामा पनि नअटाउने विकासका परियोजनाहरुका कुराहरु मान्छेले गरिरहेको भेटिन्छ । उम्मेदवारहरुले पनि स्थानीय घोषणापत्रहरुमा यस्ता कुराहरु राखेका छन् । तर मान्छेहरुलाई त्यस्ता कुराहरुप्रति खासै विश्वास छैन । नेताहरु बढी गालीगलौजमा लागे, त्यसले गर्दा नेताहरुको तह पहिलेकोभन्दा घटेको मान्छेले महसुस गरेका छन् । नेताहरुको भाषण रमाइलो मान्नका लागि सुनिरहेको देखियो । जस्तै, ओलीजीको भाषण सुन्न जाने मान्छेहरुमा एउटा कौतुहलता हुन्छ कि आज उहाँले कस्तो शब्दवाण प्रयोग गर्ने, कस्तो घोचपेंच गर्ने त्यो सुन्न जाउँ भनेर हुलका हुल बाँधेर जान्छन् । समग्रमा राजनीतिकर्मीहरुको स्तरको अवमूल्यन भएको देखाइयो । कुनै गम्भीर कुराहरु कसैले गरेको देखिएन । सबै कुराको अन्तिम सत्य भनेको सत्ता नै हो । त्यसकारणले यो निर्वाचनले कि त नयाँ सत्ता स्थापित गर्ने पहल गर्छ अथवा पुरानो सत्तालाई निरन्तरता दिन्छ । धेरै चर्चा र राष्ट्रिय मानसलाई परिवर्तन गर्ने खालका कुनै नेताले गरेको लागेको छैन ।

**० यो स्थानीय निर्वाचनमा ठूला दलहरुको अवस्था कस्तो आउने देख्नुहुन्छ ?**

– प्रदेश नं. १ मा नेकपा (एमाले) अत्यधिक सफलता हासिल गर्छ । कांग्रेसले केही राम्रा नगरपालिकाहरुमा विजयी हासिल गरेको थियो, ती पालिकाहरुमा आफ्नो विजयलाई कायम राख्न सक्छ जस्तो लाग्दैन । भनेपछि प्रदेश नं. १ मा एमालेको वर्चश्व राम्रो हुन्छ । मधेश प्रदेशमा पनि एमालेको स्थिति पहिलेको भन्दा सुदृढ हुन्छ । कांग्रेसको पनि पहिलेको भन्दा सुदृढ हुन्छ । मधेशी पार्टीहरुको स्थिति खस्किन्छ जस्तो मैले देखिरहेको छु । पहिलेको जस्तो अवस्था मधेशी पार्टीको रहँदैन । यसका विभिन्न कारणहरु छन् । उनीहरु छुट्टाछुट्टै चुनाव लड्दैछन् । मधेशी पार्टी सत्तामा छन् तर राम्रो प्रदर्शन गर्न सकेका छैनन् । मधेशी समाज अलि बढी प्रतिक्रियात्मक हुन्छ । त्यसले गर्दा मधेशी पार्टीहरुमा यसको असर बढी पर्छ ।

**० यो स्थानीय चुनावको परिणामले राष्ट्रिय राजनीतिमा केही परिवर्तन ल्याउन सक्ने अवस्था छ ?**

– यो निर्वाचनले संघीयताका तहहरुलाई अलि बढी स्थापित गर्छ । यो निर्वाचनले संघीयताका निकायहरु स्थापित भएर जान्छ । किनभने यसले एउटा शासकीय स्वरुप ग्रहण गरिसकेको छ । चुनावी राजनीतिमा यदि भोट ट्रान्सफरलाई नै आधार मान्ने हो धेरै ठूलो भोट ट्रान्सफर भइरहेको छैन । कांग्रेसले माओवादीको उम्मेदवारलाई वा माओवादीले कांग्रेसको उम्मेदवारलाई धेरै ठूलो मात्रामा भोट ट्रान्सफर गर्दैन । पार्टीहरुले जे जस्तो गठबन्धन गरे पनि स्थानीय आधारमा गठबन्धन र तालमेलहरु भइरहेका छन् । त्यसकारणले पार्टीहरुले यसैलाई आधार बनाउने हो भने केन्द्रमा हुन सक्छ अलिकति तलमाथि पर्ला । अस्ति प्रचण्डले चितवनमा रेणु दाहाल हारे भने यस्तो उस्तो होला भनेर भन्नुभो, अहिले फेरि भन्नुभयो कि स्थानीय चुनावमा हारजीतले गठबन्धनमा कुनै असर गर्दैन । अहिलेको अवस्थामा शेरबहादुरजीको नजरमा गठबन्धनको अर्थ प्रधानमन्त्रीमा निरन्तरता, माओवादी र माधव नेपालको त्यसमा भागेदारी मात्र हो । तर यो गठबन्धन निरन्तर कायम रहन्छ भन्न सकिँदैन । स्थानीय चुनावको समग्र परिणाम आएपछि फेरिएको स्थिति आउन सक्छ ।

**० प्रदेश र संघको निर्वाचनसम्म यो गठबन्धन कायम रहने सम्भावना कम छ ?**

– नेपालका वामपन्थीहरु बलियो हुने अन्तर्राष्ट्रिय शक्तिहरुको चाहना छ, उनीहरु विभाजित भएर हुँदैन एक ठाउँमा आउनुपर्छ । त्यो प्रयास त जारी छ, हुन सक्छ स्थानीय निर्वाचनपछि त्यो प्रयासले पनि मूर्तरुप लेला । अथवा यिनीहरुको सत्तामा राम्रो भागिदारी कोसँग राम्रो हुन्छ, त्यो कुराले पनि प्रभाव पार्छ । अहिले शेरबहादुरजीसँग प्रचण्ड र माधव नेपालले सत्तामा राम्रो भागिदारी पाइरहेका छन् ।

**० मधेशको मुड कस्तो देख्नुहुन्छ ?**

– यो स्थानीय निर्वाचनमा मधेशी पार्टीहरुले जानाजान मधेशको सवाल, मधेशीहरुको अधिकारको सवाललाई उठाइरहेका छैनन् । मान्छेले नपढ्ने, चर्चा नगर्ने घोषणापत्रमा जे लेखेपनि भयो । तर कुनै नेताहरु आमसभाहरुमा हाम्रो पार्टीलाई जिताउनुस्, हामी अधिकारका लागि संघर्ष गर्छु भन्ने कुरा भनिरहेको छैन । उनीहरु त्यो बाटोमै जान चाहँदैनन्, यो कुरा सम्झाउन नै चाहँदैनन् । मधेशी जनताको पनि मुड कस्तो देखिन्छ भने अब जसले भारी बोक्नै सक्दैन, जो कमजोर छ, त्यसको टाउकोमा यो अधिकारको भारी बोकाएर के गर्ने ? भनेपछि यिनीहरु केही गर्नै सक्दैन, अधिकारको आन्दोलनलाई अगाडि बढाउनै सक्दैन, यिनीहरु बेइमान हुन्, यस्तो स्थितिमा हामीलाई मुखिया चाहिएको छ । त्यसकारणले आफ्नो अनुकूल यति आफ्नै जातिका छन् भने त्यसलाई उठाइदिउँ, नभए जुन पार्टीमा छौं त्यसैलाई जिताउदिउँ । यसरी हेर्दा सामान्यरुपमा एउटा लिडरभन्दा पनि पदाधिकारीको चयनमा मधेश अभ्यस्त देखिन्छ ।

**० यो चुनावमा तपाईंको तराई मधेश राष्ट्रिय अभियानको कस्तो भूमिका रहन्छ त ?**

– यो चुनावमा हाम्रो कुनै भूमिका छैन । यो चुनावमा हामी स्वाभाविकरुपले सहभागी पनि छैनौं । मैले मधेशको मुडको चर्चा गरें, एक्लो बृहस्पति जस्तै हो । धेरै शास्त्रार्थ भएर पनि कोही सुन्नेवाला छैन । दारु, पानी, पैसा, साधन स्रोतको ठूलो चर्चा छ । विकृत निर्वाचनमा अलिकति विचारवान् मान्छेहरुले ठूलो कुनै भूमिका निर्वाह गर्न सक्दैनन् ।

**मोदीको लुम्बिनी भ्रमण**

**० छिमेकी मित्रराष्ट्र भारतका प्रधानमन्त्री नरेन्ऽको लुम्बिनी भ्रमण जेठ २ गते हुँदैछ, यसलाई कसरी हेर्नुभएको छ ?**

– भारतीय प्रधानमन्त्री मोदीको लुम्बिनी भ्रमण नेपालको लागि राम्रो हो । बुद्ध जयन्तीको दिन पारेर भारतका प्रधानमन्त्री नेपाल आउँदै हुनुहुन्छ । हिन्दू र बौद्ध धर्मसँग सम्बन्धित विषयहरु भारतको गृह राजनीतिमा भारतीय जनता पार्टीको एजेण्डाभित्र पर्दछ । उहाँ यसअघि मुक्तिनाथ गएर विभिन्न प्रकारले धर्मभाव देखाएर भारतको धेरै ठूलो जनमतलाई प्रभावित पार्नुभयो । यस्तै, बुद्ध सर्किटको धेरै ठूलो एजेण्डा भाजपाले अगाडि सारेको छ । बुद्धका एकदमै महत्वपूर्ण चार वटा स्थानहरुमध्ये तीन वटा भारतमा छन् जुन बुद्धको जन्मभूमि नेपाल हो । उहाँ यो मौकामा नेपाल आएर आफ्नो देशभित्र आफ्नो जनमतलाई धेरै ठूलो प्रभाव पार्ने काम गर्नुहुनेछ । नेपालीहरुलाई पनि एउटा सन्देश दिनुहुनेछ कि मोदी भन्ने मान्छे वा भाजपा नेपालीहरुको एउटा नजिकको नेता हो । यद्यपि यो भ्रमणमा कुनै सन्धि सम्झौता हुने छैन । यसबाट नेपालका लागि पनि राम्रो सन्देश जानेछ । भारतमा कोही कसैले चुस्स केही बोलिदियो भने नेपालमा भारतविरोधी भावना फैलाउनेहरु सक्रिय हुन्छन् । त्यसकारणले, मोदी लुम्बिनी आउनुको मतलब भारत सरकारले औपचारिकरुपमा यस्ता फजुल कुराहरुमा पर्दैन, लुम्बिनी बुद्धको जन्मस्थल नै हो भन्ने मान्यता राख्दछ भन्ने कुरा देखिन्छ ।

अर्को कुरा बुद्ध धर्मावलम्बीहरु त संसारभरि छन् । विश्व राजनीतिमा प्रभाव राख्ने महाशक्ति राष्ट्र भारतका भारत प्रधानमन्त्री बुद्ध जयन्तीको दिन नेपाल आउँदा दुनियाँभर बुद्धिस्टहरुको ध्यान पनि लुम्बिनीतिर आउँछ । समग्रमा मोदीको लुम्बिनी भ्रमण नेपालको हितको विषय हो । नेपालले चाह्यो भने यो कुरालाई राम्ररी बजारीकरण गर्न सक्छ । नेपालको पर्यटन, धार्मिक पर्यटन र मित्रराष्ट्रसँगको व्यवहारमा धेरै राम्रो भूमिका खेल्न सक्छ । त्यसकारणले यो सकारात्मक हो ।

**० यो एउटा धार्मिक भ्रमण मात्रै हो कि रणनीतिक कुराहरु पनि छन् ?**

– यत्रो ठूलो शक्तिशाली नेता कुन लुगा लगाएर नेपाल आउँछन्, त्यसको पनि चर्चा हुन्छ । त्यसको पनि असर पर्छ । विश्लेषक र नेताहरुले त्यसको पनि मूल्यांकन गर्छन् । यस्ता भ्रमणहरुको एउटै निष्कर्ष हुँदैन । यसले धेरै अर्थहरु राख्दछ, धेरै कोणबाट यसको मूल्यांकन गर्न सकिन्छ ।

# नेपालमा राजनीतिक गठबन्धन



ललित कुमार यादव

पूरै देश नै अहिले चुनावी रंगले रंगिएको र रंगिने क्रम जारी छ। चुनावी गतिविधि दिनप्रति दिन बढ्दै र माहोल तातिने क्रम पनि जारी छ। दलहरुले आफ्नो आधिकारिक उम्मेदवारको उम्मेदवारी दर्ता र प्रचार प्रसार सम्पन्न भएका छन्। साबिकको दलको टिकट नपाएका कतिपयले दल बदलेर नव प्रवेश गरेको दलको तर्फबाट उम्मेदवारी दर्ता गराएका छन् भने कुनै पनि दलको टिकट पाउन सफल हुन नसकेकाहरु र स्वतन्त्र नै उठ्ने इच्छा राखेकाहरुले पनि चिन्ह पाई सकेर प्रचार प्रसार सम्पन्न गरेका छन्। निर्वाचन अधिकृतको कार्यालयहरुले उम्मेदवारको अन्तिम नामावली समेत प्रकाशित गरिसकेका छन्। आयोगले अन्तिम टुंगो लगाएका प्रतिस्पर्धीहरुमध्येबाटै आगामी पाँच वर्षको लागि स्थानीय जनप्रतिनिधिको चयन हुँदैछ। त्यसको फैसला यहिँ वैशाख ३० गते हुने मतदानबाट आम मतदाताले गर्दै छन्। सँगसँगै आम मतदाताले अबको पाँच वर्ष आफु सेवा पाउने कि शासित हुने फैसला पनि सोही मतदानबाट गर्ने छन्।

यसपालिको निर्वाचनमा दलीय प्रतिस्पर्धा भन्दा पनि गठबन्धनबीच प्रतिस्पर्धा हुने देखिएको थियो। चुनावी मुद्दा पनि गठबन्धनलाई नै बनाइएको थियो र छ पनि। तर सत्ता गठबन्धनले २०९ पालिकामा मात्र पूर्ण तालमेल गर्न सकेको छ। त्यसमा पनि खासगरी काँग्रेसबाट बागी उम्मेदवारी परेको छ। एमालेले पनि कतिपय पालिकामा गठबन्धन गरेको छ। तर, एमाले नेतृत्वको गठबन्धन पनि त्यति कसिलो देखिएको छैन। एक हिसाबले गठबन्धन नै भद्रगोल बनेको छ। मतदाताका लागि सत्ता गठबन्धन कि प्रतिपक्षी गठबन्धन ? भन्नेवाहेक अर्को विकल्प खासै देखिदैन। अहिलेको मूख्य चाँसोको विषय यो नै हो।

तर दलहरु गठबन्धनको व्यवस्थापनमा चुकेका छन्। कहीँ कहीँ विचित्रको गठबन्धन पनि भएको छ। एउटा पालिकामा गठबन्धन गरेका दलहरुबीच नै अर्को पालिकामा प्रतिस्पर्धा पनि हुने भएको छ। त्यसलाई मित्रवत प्रतिस्पर्धाको नाम दिएका छन्, दलहरुले। एकमुष्ट रुपमा भन्ने हो भने दलहरुले खालखालका गठबन्धन गरेका छन्। दलका नेतृत्वको मुख्य उद्देश्य कसरी आफ्नालाई स्थानीय तहमा जिताउने र आगामी संघको निर्वाचनमा आफू जित्ने रहेको देखिन्छ र यसलाई नै मुख्य प्राथमिकतामा राखेर गठबन्धनको निर्णय भएको देखिन्छ। कहीँ कहीँ कसैलाई हराउनकै लागि पनि गठबन्धन भएको छ। त्यसैले अहिलेको गठबन्धनलाई विचित्रको गठबन्धन भन्दा फरक नपर्ला।

नेपालले प्रजातान्त्रिक यात्राको सुरुवात गरेको सात दशक भन्दा बढी भयो। यस अबधिमा नेपालमा सात वटा संसदीय तीन वटा स्थानीय र एउटा प्रदेशसभा निर्वाचन भयो। नेपालमा भएको पछिल्लो दुई निर्णायक जनआन्दोलन २०४६ र २०६२-६३ मा दलहबीच गठबन्धन भएको थियो र ती आन्दोलनहररु सफल पनि भयो। त्यस्तै मधेशमा भएको पछिल्लो दुई आन्दोलन २०६४ र २०७२ पनि मधेशकेन्द्रित विभिन्न दलहरुको मोर्चाबन्दीमै भएको हो। तसर्थ नेपालमा आन्दोलन गर्न दलहरुबीच गठबन्धन वा मोर्चाबन्दी हुने गरेको र यस्ता गठबन्धनहरु प्रभावकारी र सफल पनि हुने गरेको बुझ्न सकिन्छ।

सत्तामा सहकार्य वा सत्ताका लागि दलहरुबिच गठबन्धनको सुरुवात २०५१ सालदेखि भएको हो। मध्यावधि निर्वाचन २०५१ मा कुनै पनि दलको बहुमत आएको थिएन। २०१५ सालको पहिलो निर्वाचनमा नेपाली कांग्रेसले दुईतिहाई बहुमत ल्याएको थियो तर राजा महेन्द्रले २०१७ सालमा “कू“ गरेका कारण संसद र सरकार पुरा अवधि चल्न पाएका थिएनन्। आम निर्वाचन २०४८ र २०५६ मा नेपाली कांग्रेसले बहुमत प्राप्त गरेको थियो तर पनि संसद पुरा अवधि टिक्न सकेको थिएन। संविधानसभाको निर्वाचन २०६४ नयाँ निर्वाचन प्रणाली अनुसार भएको थियो र कुनै दलले बहुमत प्राप्त गर्न सकेनन्। २०६४ देखि २०७० सम्मको अवधिमा दलहरुले गठबन्धनको सरकार बनाउने र भत्काउने क्रम चलिरह्यो। यस अवधिमा विभिन्न दलबीच गठबन्धन भएर चार चटा सरकार गठन भएको थियो भने चुनाव गराउन प्रधानन्यायाधीशको अध्यक्षतामा सरकार गठन गर्नु परेको थियो। संविधानसभाको निर्वाचन २०७० मा पनि कुनै दलको बहुमत आएन र फेरि गठबन्धनकै सरकार गठन हुने र भर्तकिन क्रम चल्यो।

स्थानीय निर्वाचन २०७४ देखि दलहरुबीच निर्वाचनमा पनि गठबन्धनको सुरुवात भयो। २०७४ को स्थानीय निर्वाचनमा केही सिमित स्थानमा कांग्रेस र माओवादीबीच गठबन्धन भएको थियो तर गठबन्धनको पक्षमा खासै नतिजा नआएको बूझाई दुवै पक्षका नेताहरुको रहेको छ। सहज रुपमा मत आदानप्रदान हुन नसकेको परिणामले देखाएको थियो। यद्यपि काठमाडौं महानगरको मेयरमा राप्रपाको सहयोगमा एमाले र भरतपुर महानगरको मेयरमा कांग्रेसको सहयोगमा माओवादीको उम्मेदवार विजय भएको थियो। स्थानीय निर्वाचनको केही महिनापछि नै प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन एकसाथ भएको थियो। त्यस निर्वाचनमा एमाले र माओवादीबीच देशैभरि गठबन्धन भएको थियो भने मधेसमा तत्कालीन संघीय समाजवादी र राजपाबीच गठबन्धन भएको थियो। मधेशमा मधेशी गठबन्धनले र बाँकी प्रदेशमा वाम गठबन्धनले काम गरेको थियो। निर्वाचनपछि ओलीको नेतृत्वमा वाम गठबन्धनको अत्याधिक बहुमत रहेको संघीय सरकार गठन भएको थियो भने मधेश प्रदेशमा मधेशी गठबन्धनको प्रादेशिक सरकार र बाँकी प्रदेशमा वाम गठबन्धनकै सरकारहरु गठन भएको थियो। कांग्रेस संघदेखि प्रदेशसम्मका सत्ता बाहिर बस्न बाध्य थियो लगतै वाम गठबन्धनले एकताको रुप लियो र नेकपाको स्थापना भएको थियो। उता मधेशी गठबन्धनमा पनि एकता नै भयो।

नेपालका राजनीतिक दल सत्तामै रहेका बेला फुट्ने गरेको इतिहास छ। दलहरुमा विवाद पनि सत्ता र शक्तिकै लागि हुने गरेको छ। २०६४ पछि उदाएका मधेशकेन्द्रित दलहरु सत्ताका लागि कति लालायित छन् भने सबैले जाने बुझेका नै छन्। शक्तिको रुपमा उदाए यता हरेकजसो सरकारमा मधेशी दलहरु टुक्रा-टुक्रा भएर पनि सहभागी भएकै छन्। वामपन्थीहरुको आफ्नै कथा र व्यथा छन्। नेपाली कांग्रेस पनि अछुतो छैन। नेकपाको बहुमतको सरकार थियो तर पार्टीमा विवाद बढ्दै गइरहेको थियो। विवाद यतिसम्म बढ्यो कि संसद पुरा अवधि टिक्नै नसक्ने अवस्था पनि नआएको होइन। पछि अदालतको निर्णयबाट एमाले र माओवादी छुट्टिए। त्यसपछि सरकार बहुमतमा रहेन र सत्ताको लागि फेरि गठबन्धनको खेल सुरु भयो। यससँगै कांग्रेसले सत्तामा आउने मौका पायो। पार्टी फुटाउने जोखिम मोलेरै माधव नेपालको समूह कांग्रेस नेतृत्वको गठबन्धनमा सहभागी भए। ओलीलाई अधिनायकवादको आरोप लगाउँदै कांग्रेसको नेतृत्वमा गठबन्धन भयो। अहिले कांग्रेसको नेतृत्वमा संघीय सरकार छ भने प्रदेश सरकारहरुमा पनि कहीँ नेतृत्व त कहिँ सहभागी छ। प्रतिपक्षमा वस्ने मत पाएको कांग्रेसीहरु अहिले सत्तामा रमाइरहेका छन्, यसको श्रेय अहिलेको पाँच दलीय गठबन्धनलाई नै जान्छ र जानु पनि पर्छ।

गत स्थानीय तह निर्वाचनको नतिजालाई आधार मान्दा एमाले एक्लै कांग्रेसभन्दा बलियो रहेको छ। एमालेलाई माधव नेपालको समूहले पुऱ्याएको क्षतिको पूर्ति एमालेमा बसेका माओवादीहरुले गरेको एमालेजनले भनेपनि यो अनुमान मात्रै हो। यसको आधिकारिक पुष्टी अब हुने स्थानीय तह निर्वाचनको नतिजाले मात्र गर्ने छन्। अहिलेसम्म यस सन्दर्भमा गरिएका टिप्पणीहरु अनुमानको आधारमा गरिएको हो। गत साउनमै सत्ता गठबन्धनका पाँच दलबीच आगामी निर्वाचनहरु र त्यसपछि पनि गठबन्धन कायम राख्ने सहमति भएको थियो। अनि मात्र माधव नेपाल पार्टी विभाजनको जोखिम मोलेर गठबन्धनमा सहभागी भएका हुन्। हुन पनि एकीकृत समाजवादीले संगठन निर्माण गर्न नपाउँदै निर्वाचनमा जानु परेको छ। यस अर्थमा नेपालको सर्त एकदम जायज थियो।

नेपालले आफ्नो राजनीतिक जीवनलाई नै दाउमा लगाएर एमालेबाट गरेको विद्रोहलाई सही साबित गर्न गठबन्धनको सबभन्दा बढी आवश्यकता समाजवादीलाई छ। तर सत्ताको लागि कांग्रेसलाई पनि गठबन्धनको आवश्यकता त्यति नै छ। त्यस्तै माओवादी र जसपालाई पनि गठबन्धनको आवश्यकता उतिकै छ। यता विपक्षी एमालेले गठबन्धन नगर्ने भनेपनि सम्भव भएका हरेक दलसँग गठबन्धन गरेका छन्। यसले सत्ता गठबन्धनसँग प्रतिस्पर्धा गर्न एमालेलाई पनि गठबन्धनको आवश्यकता रहेको पुष्टी भएको छ। तर गठबन्धनको आवश्यकता महसुश गरेका दलहरु गठबन्धनलाई व्यवस्थित गर्न सकेका छैनन्। गठबन्धनको आवश्यकता र महत्वको बारेमा आफ्नै नेता कार्यकर्ताको चित्त बुझाउन सकेका छैनन्। यस मामिलामा सबभन्दा कमजोर कांग्रेसको नेतृत्वमा देखिएका छन् र कांग्रेसले नै सत्ताको नेतृत्व गरी रहेको छ।

पाँच दलीय गठबन्धनले निकै सकसका साथ महानगरपालिका तथा उपमहानगरपालिकाको भागबन्डा केन्द्रबाटै टुंगो लगाएको थियो। जसअनुसार ६ वटा महानगरमध्ये ३ महानगरको मेयर र बाँकी सबैमा उपमेयर पाएको छ। त्यस्तै ११ वटा उपमहानगरमध्ये ७ वटाको मेयर र बाँकी सबैमा उपमेयर पाएको छ। गठबन्धनका अन्य चार दलले बाँकी पचास प्रतिशत सिटमा चित्त बुझाएको छ र कांग्रेसले हरेकमा मेयर नभए उपमेयर पाएको छ। तर सबभन्दा बढी असन्तुष्टी कांग्रेसकै स्थानीय नेताहरुमा देखा परेको छ। कांग्रेसका नेताहरु बागी बने बरु कारवाही भोग्न तयार भएका छन् तर केन्द्रको निर्देशन मान्न तयार छैनन्। यस्तै समस्या कहीँकहीँ अन्य दलमा पनि देखिएको छ। तसर्थ दलहरुको आन्तरिक व्यवस्थान कति सम्म फितलो रहेको हामी सबैले बुझ्न सक्छौं।

देशव्यापी गठबन्धन गर्ने मनसायमा रहेका र गठबन्धनको आवश्यकता समेत महसुश गरेका सत्ता गठबन्धनका पाँच दलले तीस प्रतिशत पालिकामा पनि गठबन्धन गर्न सकेका छैनन्। कुल ७५३ पालिकामध्ये २०९ पालिकामा मात्रै सेटमै गठबन्धन गर्न सकेका छन्। जसमध्ये कांग्रेसले १३४, माओवादीले ४९, एकीकृत समाजवादीले १८, जसपाले ४ र राष्ट्रिय जनमोर्चाले ४ पालिकाको प्रमुख पाएका छन्। यो असफलतापछि सत्ता गठबन्धन दलबीच असन्तुष्टि बढेको सुनिन्छ। केन्द्रीय नेतृत्वले गठबन्धनको आवश्यकता आफ्नो स्थानीय नेता कार्यकर्ताहरुलाई बुझाउन नसक्दा र स्थानीय नेता कार्यकर्ताले केन्द्रको बाध्यता बुझ्न नसक्दा देशव्यापी गठबन्धन सफल हुन नसकेको लाग्न सक्छ। तर मुख्य कारण केन्द्रीय नेताहरुले केन्द्रको सत्ता खोजेको र उनीहरुबाटै सिकेर स्थानीय सत्ता खोजेका कारण गठबन्धन व्यवस्थित देशव्यापी हुन सकेन। एकले अर्को जनाधार कम देख्ने कारणले पनि यस्तो भएको हो।

एक्लै चुनावमा जाने हिम्मत पनि नगर्ने र गठबन्धन पनि गर्न नसक्नु नेतृत्वकै कमजोरी हो। अहिलेको निर्वाचनमा दल बदलको खेल पनि त्यतिकै भएको छ त्यो पनि देशव्यापी। दल परिवर्तन गरेर धेरैले टिकट हात पारे। उनीहरु रातारात नव प्रवेश गरेको दलको विचार अङ्गिकार गरे र दलको सँच्चा सिपाही भए। विचारमा परिवर्तन आउन सक्छ तर निर्वाचनको मुखमा विचार परिवर्तन गर्नेहरु टिकटको लागि मात्र विचार परिवर्तन गरेका हुन्। दलहरुले पनि त्यस्ता व्यक्तिलाई नै प्राथमिकता दिएको पाइयो।

एउटा औंलाले बाटो देखाउँछ भने बन्द मुठीले अवरोध सृजना गर्छ। कुनै पनि नेताको लागि संगठन मुख्य हुनु पर्ने हो। तर यहाँ मासलाई महत्व दिने गरेका छन् नेताहरुले। नेता मासको पछि लाग्ने होइन, मासलाई आफ्नो बाटोमा डोऱ्याउन सक्नु पर्छ। दलका नेतृत्व र कार्यकर्ता सबै संगठनलाई व्यवस्थित गर्नु भन्दा मासकै पछि लाग्ने गरेका छन्। राजनीतिक दललाई मास भन्दा संगठनको आवश्यकता हुन्छ भनेर कसैले बुझ्नै नसकेको जस्तो छ। नेपालका राजनीतिक दलहरुले विभिन्न समयमा विभिन्न नाममा सत्ता र चुनावी गठबन्धन गरे पनि टिक्न सकेको छैन। यसमा फेरबदल भइरहने विगत दलहरुको छ। तसर्थ आसन्न स्थानीय तह निर्वाचनले नतिजाले गठबन्धनमा कुनै फेरबदल हुँदैन भन्न सजिलो छैन ? विगत हेर्ने हो भने गठबन्धनको फेरबदल आसन्न स्थानीय तहको नतिजामा निर्भर रहेको अनुमान लगाउन सकिन्छ।

lkskeshariaaryan@gmail.com

## मधेश अपडेट

### मधेश प्रदेश कोरोनामुक्त

जनकपुरधाम। मधेश प्रदेश कोरोना संक्रमण मुक्त प्रदेश बनेको छ। मधेश प्रदेशका आठवटै जिल्लामा संक्रमितको सङ्ख्या शून्यमा झरेपछि प्रदेश संक्रमणमुक्त बनेको हो। कोरोना महामारी सुरुआत भएयता प्रदेशमा हालसम्म ४१ हजार ४१७ संक्रमित भएकोमा ४० हजार ३५५ निको भएर घर फर्किएको मधेश प्रदेश स्वास्थ्य निर्देशनालय धनुषाले जनाएको छ। संक्रमणकै कारण प्रदेशमा एक हजार ६२ को मृत्यु भएको स्वास्थ्य निर्देशक विजयकुमार झाले जानकारी दिए। संक्रमणकै कारण हालसम्म बारामा १८१, सप्तरीमा १६१ , सिरहामा १३५, धनुषामा १३२, पर्सामा १३२, रौतहटमा १२९, सर्लाहीमा ९३ र महोत्तरीमा ९१ जनाको मृत्यु भइसकेको निर्देशनालयले जनाएको छ। यस्तै प्रदेशमा करिब ८२ प्रतिशतले कोभिड-१९ विरुद्धको पूर्ण डोज खोप लगाएका छन्। सार्वजनिक सेवाका लागि अनिवार्य खोप कार्ड अनिवार्य गरेको र खोपसम्बन्धी निरन्तरको प्रचारप्रसार र स्थानीय जनप्रतिनिधि तथा स्वास्थ्यकर्मीको सक्रियताका कारण कोभिड-१९ विरुद्धको खोप लगाउने दर बढेको निर्देशक झाले बताए।

### कांग्रेस र एमालेका कार्यकर्ताबीच झडप

मोरङ। स्थानीय तह निर्वाचनमा मतदान गर्ने समय नजिकिँदै गइरहेको बेलामा मोरङको कानेपोखरी गाउँपालिका-२ दलेलीमा बुधबार कांग्रेस र एमालेका कार्यकर्ताबीच झडप भएको छ। झडपमा परेर एमाले भातृ संगठन राष्ट्रिय युवा संघ मोरङका अध्यक्ष नवीन पौडेल घाइते भएका छन्। प्रहरीका अनुसार कांग्रेस र एमालेका कार्यकर्ताबीच दलेली बजारनजिकको विपन्न बस्तीमा जम्काभेट भएको थियो। त्यस क्रममा विवाद बढेपछि दुई पक्षबीच झडप भएको थियो। प्रहरीले दुवै पक्ष मतदातालाई प्रभावित पार्नका लागि विपन्न बस्तीमा छिरेको हुनसक्ने जनाएको छ। मोरङ प्रहरी प्रमुख एसपी शान्तिराज कोइरालाले दुवै समूहले निर्वाचन आचारसंहिता र मौन अवधिको उल्लंघन गरेको बताए। घटनाका बारेमा विभिन्न कोणबाट अनुसन्धान थालिएको उनको भनाइ छ। आचारसंहिता उल्लंघनमा कानुन अनुसार कारबाही हुने भए पनि भौतिक आक्रमणमै उत्रिएको पाइएपछि घटनाका बारेमा गम्भीर ढंगले अनुसन्धान थालिएको उनको भनाइ छ।

### सुरक्षाकर्मीसहित छ हजार कर्मचारी परिचालन

नेपालगञ्ज। बाँकेमा स्थानीय तहको निर्वाचनका लागि कर्मचारी र सुरक्षाकर्मीसहित करिब छ हजार २०० परिचालन भएका छन्। शुक्रबार हुने निर्वाचनका लागि जिल्लाका आठ पालिकामा निजामती र संस्थानका गरी दुई हजार २०० कर्मचारी र चार हजार बढी सुरक्षाकर्मी परिचालन गरिएको प्रमुख जिल्ला अधिकारी सूर्यबहादुर खत्रीले जानकारी दिनुभयो। बाँकेमा १३६ मतदान केन्द्र र ३७९ मतदानस्थल रहेका छन्। जिल्लाका १३६ मतदान केन्द्रमध्ये १०६ मतदान केन्द्र अत्यन्तै संवेदनशील भएको र ३० मतदान केन्द्र संवेदनशील रहेको सुरक्षा विश्लेषण गरी सोअनुरुप सुरक्षा प्रबन्ध मिलाइएको छ। सुरक्षाका लागि नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको छुट्टाछुट्टै सुरक्षा निकायलाई जिम्मेवारीअनुसार परिचालन गरिएको छ।प्रजिअ खत्रीले भारतसँग खुला सीमा जोडिएको जिल्ला भएकाले पनि यहाँको सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखेर मतदान केन्द्रलाई अतिसंवेदनशील र संवेदनशिलको रूपमा वर्गीकरण गरी सुरक्षा प्रबन्ध मिलाएको उल्लेख गर्दै भारतँग सीमा जोडिएका पालिकाको वडामा रहेका मतदान केन्द्र अत्यन्तै संवेदनशीलको रुपमा लिइएको बताए। निर्वाचनलाई शान्तिपूर्णरूपमा सम्पन्न गर्न नेपाल-भारत सीमा ७२ घण्टाका लागि बन्द गर्ने द्विपक्षीय सहमति भइसकेकाले वैशाख २७ गते राति १२ बजेदेखि ३० गते राति १२ बजेसम्मका लागि सीमाक्षेत्रबाट हुने आवागमन पूर्णरूपले बन्द गरिएको छ। एक उपमहानगरपालिका, एक नगरपालिका र छ गाउँपालिका रहेको जिल्लामा कूल तीन लाख २९ हजार ४७३ ले मतदानमा भाग लिदैछन्।

### बालभिटा खुवाइँदै

कैलाली। कैलालीको टीकापुर नगरपालिकामा बहुक्षेत्रीय पोषणका आंशिक कार्यक्रम सञ्चालनमा छन्। टीकापुरमा अहिले पनि छ प्रतिशत बालबालिका कुपोषणको जोखिममा रहेको तथ्याङ्क छ। बालबालिकामा देखिने कुपोषण न्यूनीकरणका लागि यसै वर्षदेखि दुई वर्षमुनिका बालबालिकालाई बालभिटा खुवाउन थालिएको छ। बालबालिकाको पोषणमा ध्यान दिन कैलाली जिल्लाभरि यस वर्ष बालभिटा खुवाउन थालिएको स्वास्थ्य कार्यालय कैलालीले जनाएको छ। गत असोजदेखि कैलालीको टीकापुर नगरपालिकाले छ महिना पुगिसकेका बालबालिकालाई अनिवार्य बालभिटा खुवाउन थालेको हो। बालभिटा १५ प्रकारका भिटामिन तथा खनिजतत्वको मिश्रण हो। यो सानो पुरियामा पाइन्छ। बालभिटा खानामा मिसाएर खुवाइन्छ। बालभिटा छ महिना पूरा भएदेखि दुई वर्षमुनिका बालबालिकालाई खुवाउनुपर्छ। बालभिटा घरमा तयार पारिएका खानेकुरा (जाउलो, लिटो, मिचिएको दाल, भात) सजिलैसँग मिसाएर खुवाउन सकिने भएकाले बालबालिका पनि रुचाएर खाने गरेको आमाहरू बताउँछन्।

### सुन चोरीको आरोपमा ती जना पक्राउ

रुपन्देही। बुटवलमा सुन पसल चोरी गरेको आरोपमा ३ जना पक्राउ परेका छन्ख। बुटवल उपमहानगरपालिका ६ बि.पी. चोकमा रहेको गुल्मेली मजुवा सुनचाँदी पसलमा गरगहना चोरी गरेको आरोपमा तीन जनालाई पक्राउ गरि सार्वजनिक गरिएको हो। बुटवल ६ बि.पी. चोकस्थित दिल बहादुर सुनारले सञ्चालन गरेको गुल्मेली मजुवा सुनचाँदी पसलबाट चार करोडभन्दा बढीको सुन र गहना चोरी भएको थियो। चोरी गरेर फरार अभियुक्तहरु भारत जौहरी मोहल्ला चौक लखनऊ चौक उत्तर प्रदेश बस्ने वर्ष ३६ को मोहसिन अब्दुल्ला खान, भारत साई एन्क्लेव गोमती बिहार कोलोनी लखनउ उत्तर प्रदेश बस्ने वर्ष २५ को मोहद जीशान खान र भारत तकिया पेपर मिल कालोनी सी ब्लक-२ निशातगंज महानगर लखनऊ उत्तर प्रदेश बस्ने वर्ष २२ को मोहम्मद सारीक रहेको प्रहरीले जनाएको छ। उनीहरुको साथबाट १०/१० ग्रामको सुनको बिस्कुट थान-२, २० ग्रामको सुनको बिस्कुट थान-१, सुनको गरगहना डल्लो बनाएको सुनको ढिक्का थान-१, सुनको पैसाको सिक्का आकारको गोलो थान-१, मोबाइल थान-३, नगद भा.रु. १०० को नोट ६० वटा, आधार कार्ड, एटीएम कार्ड बरामद गरिएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रमुख रविन्द्र रेग्मीले जानकारी दिए।

### पर्सामा शान्ति सुरक्षा कडा

पर्सा। आसन्न स्थानीय तहको निर्वाचनलाई लक्षित गरी वीरगञ्जमा जिल्लामा शान्ति सुरक्षाको व्यवस्था चुस्तदुरुस्त पारिएको स्थानीय प्रशासनले जनाएको छ। नेपाल प्रहरी, सशस्त्र प्रहरी, म्यादी प्रहरी साथै आवश्यकता अनुसार नेपाली सेनालाई परिचालन गरी सुरक्षा व्यवस्थापन मिलाइएको छ। मतदानस्थलको सुरक्षामा थप सुरक्षाकर्मीको आवश्यकता परे तत्कालै थप सुरक्षा सुरक्षाकर्मी उक्त स्थानमा पुग्नसक्ने गरी मतदानस्थलमा सुरक्षाको व्यवस्थापन मिलाइएको हो। जिल्लाभर कूल ३०३ मतदानस्थल र ५४१ वटा मतदान केन्द्र निर्धारण गरिएको छ। यता असहाय, अशक्त, वृद्धवृद्धा, अपाङ्गताका लागि मतदान गर्न उचित व्यवस्थापन गर्ने जिल्ला निर्वाचन कार्यालय, बाराले जनाएको छ। यसैगरी, निर्वाचनलाई भयरहित शान्ति सुरक्षितरूपमा सम्पन्न गर्न तयारी भएको बताइएको छ। मतदानपछि मत गणनास्थललाई सुरक्षित राख्न तारजालीको प्रयोग गरी आवश्यकता अनुसार सिसी टिभीसमेत जडान गरिएको हो।

### नेकपा एसका कार्यकर्ताहरू एमालेमा प्रवेश

जनकपुरधाम। धनुषाको कमला नगरपालिकामा नेकपा एकीकृत समाजवादीका कार्यकर्ताहरु नेकपा एमालेमा प्रवेश गरेका छन्। पार्टी नेता रामचन्द्र झाले तानाशाही प्रवृत्ति देखाएको भन्दै नेकपा एमालेमा प्रवेश गरेको उनीहरुले बताएका छन्। नेकपा एकीकृत समाजवादी पार्टीका जिल्ला कमिटी सदस्य कपिलदेव बनरैत, जेबिन्दर यादव, श्यामसुन्दर यादव, रामनारायण यादव, जगदीश मुखियासहितका नेता/कार्यकर्ता नेकपा एमालेमा प्रवेश गरेका हुन्। कपिलदेवका अनुसार झण्डै डेढ सय जना नेकपा एमालेमा प्रवेश गरेका छन्। उनीहरुलाई एमालेका प्रदेश सदस्य सुकदेव यादव, एमाले मेयरका उम्मेदबार दीपेन्द्र यादवसहितकाले स्वागत गरेका छन्। एमाले प्रवेश गरेका कपिलदेवले नेता रामचन्द्र झाले पार्टीमा मनोमानी गर्दै तानाशाही प्रवृत्ति देखाएकाले एमालेमा प्रवेश गरेको बताए। यसअघि धनुषाकै सबैला नगरपालिकामा नेकपा एकीकृत समाजवादीबाट मेयर पदमा उम्मेदबारी दिएका राजु गुप्ता नेकपा एमालेमा प्रवेश गरेका थिए।

# लुकेका यौनकर्मीको कुरा



**रञ्जन भण्डारी**

यहा मैले लेख्न सुरु गरिरहदा जलेश्वरनाथ महादेवको स्तुती र उनको महत्व तथा यहा आउने धार्मिक यात्रीहरुको वारेमा केहि वर्णन गरेरमात्र माथी उल्लेखित शिर्षकमा प्रवेश गर्न विचार गरेपनि यौनका कुरा गरिरहदा मैले धर्म वारे लेख्न उचित ठानेन । फरक विषयमा कुरा गरिरहदा अर्को विषयको प्रवेश पनि उचित होईन कि जस्तो लागेर वर्णन गर्न ठिक लागेन । तपाईले यो पढ्दै गर्दा शिर्षक अनुसारकै कुरा तत्काल सुरु गरिहाल्न उचित सम्झे ।

महोत्तरीमा यौनकर्मीको संख्या कति होला ? यौनकर्मी छन वा छैनन ? छ भने कहा छन ?कुन अवस्थामा छन ? उनीहरु कसरी पेशा गर्दैछन ? लगायतका प्रश्न तपाईको दिमागमा पक्कै आएको हुनुपर्छ । चिन्ता नगर्नुस तपाईको प्रश्नहरुको जवाफ दिने प्रयत्नकै लागि यो लेख लेखिएको छ ।

महोत्तरीमा यौनकर्मीको संख्या विस्तारै वढ्ने क्रममा छन । हो अर्थात महोत्तरीमा पर्याप्त संख्यामा यौनकर्मी छन र उनीहरुको संख्या समेत विगतको भन्दा समय वित्दै जादा वढ्ने क्रममा छ । कतै बाध्यता र कतै स्वेच्छा मै समेत यौनकर्म गर्नेहरु महोत्तरीमा छन । महोत्तरीमा महिला,पुरुष र यौनिक तथा लैंगिक अल्पसंख्यक( एलजिबीटीआई) समुदायका यौनकर्मीहरु छन । हामीले यहा यौनकर्मी शव्दको उच्चारण गरिरहदा यौनकर्मीकै क्षेत्रमा काम गर्ने संस्थाहरु भने उनीहरुलाई यौनश्रमिक भनेर सम्बोधन गर्छन । यहा यौनकर्मी र यौन श्रमिक शव्द मध्ये कुन शव्द मैले लेख्न उचित हुने हो सो को अल्पज्ञान हुदा मैले यौनकर्मी र यौनश्रमिक दुवै शव्द उच्चारण गरे ।

महोत्तरीमा यौनकर्मी(श्रमिक)कै क्षेत्रमा काम गरिरहेको दुई संस्थाले यो संख्या विस्तारै वढीरहेको बताएका छन । महोत्तरी स्थित महिला सचेतना केन्द्रकै तथ्यांक अनुसार उक्त संस्थाको प्रत्यक्ष सम्पर्कमा ३०५ महिला यौनश्रमिक छन भने महोत्तरी स्थित चौतारी नेपालले महिला यौनकर्मीको संख्या ३५५ रहेको बताएको छ । महिला सचेतना केन्द्रले यौनश्रमिक शव्द उच्चारण गर्छन । उक्त संख्याको भन्दा पनि फरक पुरुष र एलजिबीटीआई समुदायकै यौनकर्मीहरु महोत्तरीमा पर्याप्त छन । महोत्तरीमा आठ देखि दश हजार मानिसहरु एलजिबीटीआई समुदायकै रहेकोमा सो मध्ये दुई देखि तिन हजार यस क्षेत्रमा लागेको चौतारी नेपालको तथ्यांक छ । एउटा जिल्लामा मात्र यति धेरै संख्यामा यौनकर्मी हुदा हामीले उनलाई चिन्न भने गार्हो छ । समुदायमै मिलेर वसेको र सार्वजनिक नै नभई यौनश्रममा लागेकोले उनको पहिचान भने सहज नभएको महिला सचेतना केन्द्रको भनाई छ ।

समाजमा हेला गर्ने,बहिस्कार गर्ने र वस्नै नदिने भएकोले आफुहरु लुकेरै यौनश्रम गरिरहेको जलेश्वर मै यौनश्रम गरिरहेकि एक यौनश्रमिकले वताईन । उनले भनिन,"निक्कै असहज अवस्थामा श्रम गरिरहेकि छु । श्रीमान भएर पनि एक सुको कमाएर ल्याउदैन । बाध्य भएर सातजना छोराछोरीको पालन पोषणको लागि अन्य सिप नलागेर यौनश्रमिक बने । तर ग्राहकसंग खेत तथा जंगल तिर जादा कसैले देख्ने डर हुन्छ भने होटेलमै जादा होटेलकै बिल ग्राहकले वढी तिर्नु पर्ने हुन्छ । तर प्राय कम आय भएको ग्राहकहरु आफ्नो सम्पर्कमा रहेकोले उनीहरु होटेलमै बिल तिर्न चाहदैनन । " उनी थप्छिन,"घरमै बच्चाहरु हुने गरेको र ग्राहक समेत नियमित चाहिने भएकोले प्राय घर वाहिर नै जाने गरेकि छु । नियमित ग्राहक बनाईराख्न आफ्नो समुह कि नाईकेलाई समेत केहि कमिशन दिनु पर्ने हुन्छ । उनले विभिन्न समन्व्य गर्छिन । केहि ग्राहक भने नियमित आउन थालेपछि उधारो मै समेत सम्पर्क गर्छन । नियमित आउने भएकोले उधारोमै सम्पर्क गर्ने गरेकोमा धेरै ग्राहक पछि पैसा तिर्नु पर्छ भनेर आउदैनन र अर्कि यौनश्रमिक खोज्छन । "

बाहिरी समाजको लागि चिया पसल संचालन गरेर बसेकि एक अर्की यौनश्रमिकले केहि ग्राहकले हिंसा समेत गर्ने गरेको बताउछिन । उनी थप्छिन,"केहि समय पुर्व नै एक नियमित ग्राहकले उधारोमा सम्पर्क गरेकोमा पछि पैसा माग्दा हातपात नै गरे । कतै उजुरी गर्दा वा भन्दा समेत आफैलाई गार्हो हुने भएकोले चुप लागेर बस्नुको विकल्प छैन । यता पैसा नै तिर्ने ग्राहकले घरमा आफ्नै श्रीमति वा यौन पार्टनरसंग अप्राकृतिक सम्बन्ध स्थापित गर्न नसकेपछि आफुहरु कहा आएर त्यसतो गर्न कर गर्ने र नमाने हातपात नै गर्ने गरेका छन । " उनी आफ्नै शरिरको कमाई खाईरहदा होटेल देखि अन्यत्र जतासुकै जादा पनि सवै ठाउमा पैसा मांग्ने गरेको र नदिए काम नै धरापमा पर्ने उनको भनाई छ । नियमित जाने होटेलमा समेत स्थानिय प्रहरीले लिने कमिशनमा तलमाथी पर्दा होटेलमै छापा मार्ने र धरपकड गर्नेसम्मको डर हुने भएकोले सवैलाई मिलाएर राख्नु पर्ने बाध्यता रहेको थप्छिन । आफ्नै पेसामाथि संकट ल्याउन सक्ने विभिन्न पेशाकर्मी तथा व्यक्तिहरुले शरिर र पैसा दुवै लिने गरेको उनी थप्छिन ।

माथि उल्लेखित यौनश्रमिकहरु सामान्य आय भएकि र थोरै पैसा पाएपनि हातमुख जोर्नलाई सहमत हुने गरेपनि महोत्तरीमै हाईप्रोफाईल यौनश्रमिकहरु समेत रहेका छन । गोपनियता र सुरक्षाको अत्यधिक खयाल गर्ने ति हाईप्रोफाईल यौनश्रमिकहरुको सम्पर्कमा ठुलै पद र पैसा भएकोहरु ग्राहक रहेका छन । यस समुहका यौनश्रमिकहरुमा बाध्यता भन्दा पनि यौन सुख,विलासिता,भौतिक सामग्री( मेकअप,गरगहना,महंगा सामग्री) र अनेकौ ईक्षापुर्तिका लागि यौनश्रम गर्ने गरेकि छिन । प्राय एक नाईकेको सम्पर्कमा रह्ने यिनिहरु श्रीमान वैदेशिक रोजगारीमा भएको,एकल महिला,विवाह नै नभएकि किशोरीहरु रह्ने गरेकि छिन । श्रीमान वैदेशिक रोजगारीमा हुने केहि महिलाहरु शारिरिक सुख पनि पाईने र पैसा समेत पाईने भएकोले यौनश्रममा लागेको केहि यौनश्रमिकहरुसंग गरिएको कुराकानीमा बुझिएको छ । यता केहि पुरुष यौनश्रमिकको ग्राहक भने श्रीमान विदेशमा भएका महिलाहरु,श्रीमानसंग सन्तुष्टी नपाउने महिलाहरु र श्रीमान वाहेकपनि सम्बन्ध बनाउन रुचाउने महिलाहरु छन ।

यौनश्रमिकहरुको वारेमा सोधी खोजी गने संस्था महिला सचेतना केन्द्रले ति सवै यौनश्रमिकहरुसंग सम्पर्क गर्ने उनीहरुलाई तत्काल आवश्यक आकस्मिक सहयोग तथा अन्य स्वास्थ्य वा अन्य सेवामा सहयोग गर्दै आएको छ । कोभिड चरममा भएको वेला यौनश्रमिकहरुले ग्राहक नै नपाउने अवस्था आएर हातमुख जोर्न समेत समस्या भएपछि उनीहरुलाई खाद्यान्न राहत उपलब्ध गराएको थियो । यौनश्रमिक महिलाहरुलाई थप सहयोग अन्तर्गत एचआईभि जाँच देखि थप अन्य मद्दतको लागि चौतारी नेपाललाई रेफर गर्ने गरिएको छ । यता नियमित ग्राहकको सम्पर्कमा रह्ने यौनश्रमिकहरुलाई एचआईभि संक्रमणबाट जोगाउने प्रेप नामक औषधी समेत चौतारी नेपालको सहयोगमा उपलब्ध गराउदै आएको छ । नियमति ग्राहकको सम्पर्कमा रहेकि तर एचआईभि नलागेकि यौनश्रमिकले उक्त औषधी नियमति सेवन गर्दा एचआईभिको जोखिम कम हुने चौतारी नेपालले जनाएको छ । चौतारी नेपालले कण्डम,प्रेप,एचआईभि जाँच र एचआईभीको औषधी समेत एलजिबीटी समुदाय तथा यौनकर्मी वा आवश्यक परेको सवैलाई उपलब्ध गराउदै आएको छ । यो वाहेक चौतारी नेपालले एलजिबीटी समुदायको हक हित तथा उनीहरुकै लागि गर्न सकिने विभिन्न कार्यक्रमहरु महोत्तरीमा संचालन गर्दै आएको छ ।

संस्थाका अध्यक्ष रामवरण यादवले एलजिबीटी समुदायका केहि यौनश्रमिक भएपनि उनीहरुलाई समाजका कसैले काम वा सम्मान नदिने भएपछि पेट पाल्नलाई यौनश्रममा लागेको बताउछन । बाटो हिड्दा नै अश्लिल शव्द र ईसाराबाट सम्बोधन गर्ने गरिएकोमा समेत सोहिबाट आजित भएर पनि केहि यौनश्रमिक भएको उनको भनाई छ । एलजिबीटी समुदायका मानिसहरुको लागि चौतारी नेपालले हक तथा अधिकारको क्षेत्रमा समेत कार्य गर्दै आएको छ । समाजमा सम्मान पाए कोई यौनश्रमिक बन्नु पर्ने बाध्यता नआउने उनी तर्क दिन्छन ।

यस्तो छ यौनश्रमिकको अवस्था :

महोत्तरीको प्राय सवै पालिकामा अन्य पहिचानका साथ यौनश्रमिकहरुले एकल र समुहमै यौनश्रम गर्दै आएको चौतारी नेपालले जनाएको छ । नेपालमा हालसम्म कानुनी मान्यता नहुदा यौनश्रम गर्दा अति जोखिममा र हिंसा सहेर समेत वस्नु परेको उनी वताउछिन । केहि यौनश्रमिक भने श्रीमान शारिरिक सुख दिन असक्षम हुदा अनाहकमै राखिएको वाहिरी सम्पर्क पछि आदतमै परिणत भएको र आफु यौनश्रमिक भएको बताउछिन ।

व्यवस्थित गर्न आवाज उठदै :

गोप्य र असुरक्षित रुपमा भैरहेको यौनश्रमलाई व्यवस्थित गर्न आवाज उठ्न थालेको छ । समाजमै लुकिछिपी यौनश्रमिकहरुले कार्य गर्दै गर्दा समाजका अन्य नागरिकलाई समेत असुरक्षा हुने र समाजका अन्य छोरी चेलीहरुमाथि समेत असर पर्ने हुदा यसलाई व्यवस्थित गरि भारतका विभिन्न स्थानमा रहेको रेडलाईट एरिया जस्तो क्षेत्र छुट्याउन यौनश्रमिकहरुले आग्रह गरेका छन । उनीहरु आफुले गरेको कार्य आफुलाई गलत नलागेको र आफ्नो शरिरमाथि आफ्नो अधिकार भएकोले सरकारले आफुहरुको श्रमलाई व्यवस्थित गरिदिनु पर्ने बताउछिन ।

तर अर्को मत पनि छ :

यता यौनश्रमिकहरुले समाजमै नकारात्मक असर पारिरहेको भन्दै यौनश्रमिकहरुलाई उक्त कार्य छाडेर पेशा परिवर्तन गर्न बुद्धिजिवीहरुको आग्रह छ । यौनश्रम आफैमा गलत भएको र यसले समाजलाई गलत बाटोमा लगिरहेकोमा यसको लागि क्षेत्र छुट्याउदा समाजमा यसले गलत प्रभाव पार्ने उनीहरु बताउछन । शरिरलाई बेचेर पैसा कमाउनु गलत भएकोले पैसा अन्य श्रम गरेर कमाउनु पर्ने उनीहरु तर्क दिन्छन । यौन सुख र सन्तान उत्पतीको लागि भएकोले यसलाई पेसा नबनाउन उनीहरु आग्रह गर्छन । आफ्नै शरिर बेच्नु भन्दा अन्य पेशा गरेर हातमुख जोर्ने गरि उनीहरुलाई यौनकर्मीको पेशाबाट हटाएर अन्य श्रममा लगाई पुनर्स्थापन गर्न आवश्यक रहेको उनीहरुको भनाई छ । महोत्तरी धार्मिक जिल्ला भएको र यहा धर्मको कुरा हुनु पर्ने हो न कि यौन को भन्दै जिल्लालाई यौनकर्मी मुक्त जिल्ला बनाउनु पर्ने अधिकांशको तर्क छ ।

तर उनीहरुकै तर्कवारे यौनकर्मीहरु भन्छिन,"हामीलाई त्यही सभ्य समाजमा वस्ने केहि व्यक्तिले यौनकर्मी बनाएको हो । हामीसंग रात विताउनेहरु रातभरि हामीसंग हुने र बिहानको घाम निस्केपछि सभ्य समाजको आडम्बर देखाउने गर्छन ।

हामीले कस्तो समाज चाहेको हो ? यौनकर्मी रहित वा यौनकर्मी सहित सोच्ने र मनन गर्ने बेला आएको छ ।

## निर्वाचनलाई निष्पक्ष, भयरहित र सुरक्षित तवरले सम्पन्न प्रहरी महानिरीक्षक सिंहको निर्देशन

काठमाडौं । प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले एकै चरणमा सम्पन्न हुन लागेको स्थानीय तहको निर्वाचनलाई निष्पक्ष, भयरहित एवम् सुरक्षित तवरबाट सम्पन्न गर्न उच्च सतर्कता, संवेदनशीलता र महत्वका साथ सुरक्षा व्यवस्थालाई अझै चुस्त बनाउन प्रहरी कर्मचारीहरू कटिबद्ध हुनुपर्ने बताएका छन् ।

नेपाल प्रहरी प्रधान कार्यालयमा भर्चुअल रुपमा भिडियो कन्फ्रेन्स मार्फत् शनिबार आयोजित कार्यक्रममा प्रहरी महानिरीक्षक सिंहले नेपाल प्रहरी प्रदेश कार्यालयका प्रमुखहरू, जिल्ला प्रहरी कार्यालयहरूका प्रमुख तथा उपत्यका एवम् प्रदेश ट्राफिक प्रहरी कार्यालयका प्रमुखहरूलाई निर्देशन सम्बोधनको क्रममा उक्त कुरा बताएका हुन् ।

निर्वाचनलाई निष्पक्ष एवम् भयरहित तवरले सम्पन्न गराउन आफ्नो व्यावसायिकता प्रदर्शन गर्ने अवसरको रुपमा लिनुपर्ने उल्लेख गर्दै प्रहरी महानिरीक्षक सिंहले निर्वाचनको सुरक्षामा खटिने सबै प्रहरी अधिकृत तथा जवानहरूले निर्भिकता र व्यावसायिकताका साथ जिम्मेवारी वहन गर्नुपर्ने उल्लेख गरे ।

निर्वाचन लक्षित गतिविधिहरूमा सीमित साधन स्रोतका वावजूद नेपाल प्रहरीले उत्कृष्ट कार्य गरिरहेको चर्चा गर्दै आउँदा दिनमा आउन सक्ने चुनौतिलाई समाधान गर्न आवश्यक सुरक्षा योजना, रणनीति तय गरी अन्य सुरक्षा निकायसँग आवश्यक सहकार्य एवम् समन्वय गर्दै अगाडि बढ्नुपर्नेमा उनले जोड दिए ।

सबै प्रदेशको आ-आफ्नो विशिष्टता अनुरुप आवश्यक सुरक्षा योजना बनाउँदा सुरक्षा व्यवस्था अझै प्रभावकारी हुने उल्लेख गर्दै प्रहरी महानिरीक्षक सिंहले विगतमा भएका सफल अभ्यासहरूलाई पछ्याउँदै सबै प्रदेश प्रहरी कार्यालयहरुले एकआपसमा समन्वय र सहकार्य गर्नुपर्ने बताए ।

कार्यालय प्रमुखहरूले निर्वाचनको सुरक्षाका लागि खटिने प्रहरी अधिकृत तथा जवानहरूलाई आफ्नो जिम्मेवारी सम्बन्धी आवश्यक विफ्रिङ गर्नुको साथै निर्वाचनका समयमा हुन सक्ने सम्भाव्य घटना हुन नदिन कानुनसम्मत कारबाही गर्नुपर्ने उनले बताए ।

प्रहरी महानिरीक्षक सिंहले सिमावर्ती क्षेत्रमा हुन सक्ने तस्करी लगायतका आपराधिक क्रियाकलापलाई नियन्त्रण गर्न थप क्रियाशील हुनुपर्ने उल्लेख गर्दै आपराधिक क्रियाकलापमा संलग्न व्यक्तिहरूको पहिचान गरी कानूनी दायरामा ल्याउनुपर्ने बताए ।

कार्यक्रममा वरिष्ठ प्रहरी अधिकृतहरुको उपस्थितिको साथै सहभागी प्रहरी कार्यालयहरूका प्रमुख तथा प्रतिनिधिहरूको भर्चुअल उपस्थिति रहेको थियो ।

## संक्षिप्त समाचार

### उम्मेदवार पतिको मृत्यु भएपछि पत्नीले दिइन् उम्मेदवारी

सिरहा । आसन्न स्थानीय तह निर्वाचनमा उम्मेदवारी दिएका एक जनाको मृत्यु भएको छ । नेकपा एमालेबाट सिरहा नगरपालिका ५ का वडा सदस्यका उम्मेदवार ६५ वर्षीय मुना सेखको मृत्यु भएको हो । उनको कालगतिले मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी सुवास बुढाथोकीले जनाए । उनको मृत्युपछि उनकै श्रीमती रहमान खातुनले उम्मेदवारी दिएकी छिन्। सेखको मृत्यु भएको खबर पाएलगतै निर्वाचन आयोगलाई सूचना दिएर निर्वाचन आयोगले पठाएको प्रक्रिया अनुसार ३० बैशाखकै निर्वाचनमा सहभागी हुने गरी उम्मेदवारी दर्ता गरी आवश्यक काम पूरा गरी निर्वाचन चिह्न समेत प्रदान गरिसकिएको प्रमुख निर्वाचन अधिकृत प्रकाश खरेलले जानकारी दिए ।

### शक्तिशाली विष्फोट

मोरङ । स्थानीय तह निर्वाचनको सम्मुखमा मोरङको दुर्गम मिक्लाजुङ गाउँपालिकामा बुधबार राति शक्तिशाली विष्फोट भएको छ । बम विष्फोट गराइएको हुनसक्ने प्रहरीको अनुमान छ । मिक्लाजुङ-१ को सरस्वती आधारभूत विद्यालयका शिक्षक मदन श्रेष्ठका अनुसार विष्फोटको ठूलो आवाज आएको थियो । यसैबीच मिक्लाजुङ-१ बर्खेमा बिहीबार बमजस्तो देखिने शंकास्पद वस्तु फेला परेको छ । विद्यालयबाट लगभग ५० मिटर दूरीको सडकमा प्रेसर कुकर फेला परेको हो । खतरा भनेर लेखिएको र तारहरु बाहिर निकालेर सडकमा छाडिएको अवस्थामा प्रेसर कुकर भेटिएको मोरङ प्रहरीका प्रवक्ता डीएसपी दीपक श्रेष्ठले जानकारी दिए ।

### जमुनाहा नाका बन्द

नेपालगञ्ज । नेपालगञ्ज नाका मंगलबार राति १२ बजेदेखि सील गरिएको छ । चुनावलाई मध्यनजर गर्दै नाका सील गरिएको हो । भारतीय प्रहरीले नेपाली नागरिकता भएकालाई नेपालतर्फ आउन दिइरहेको छ । नेपाल प्रहरीले आधारकार्ड भएका व्यक्तिलाई भारततर्फ जान दिएको छ । अलपत्र परेका व्यक्तिलाई आउन र जान दिने भनिएको छ । बाँकेका प्रमुख जिल्ला अधिकारी सूर्यबहादुर खत्रीले नाका सील भएको थाहा नपाएर नाकामा आइपुगेका व्यक्तिलाई अलपत्र पर्न नदिइ आउन दिइने जानकारी दिए । नाका सील गरिएपछि सधैं भीडभाड रहने भन्सारतिर सुनसान भएको छ । वैशाख ३० गते १२ बजेसम्मलाई नाका सील गरिएको छ ।

### दुर्घटनामा मतदान अधिकृत घाइते

कैलाली । धनगढीका मतदान अधिकृत दिजराज भट्ट मोटरसाइकल दुर्घटनामा घाइते भएका छन् । धनगढी-२, वैयाबेहडीस्थित शारदा माध्यमिक विद्यालयमा रहेको मतदान स्थलमा जाँदै गर्दा मतदान अधिकृत भट्ट दुर्घटनामा परेर घाइते भएका हुन् । भट्ट सवार से१प ११६८ नम्बरको मोटरसाइकलसँग सु.प ०१.००१ च.२८८९ स्कारपियो ठोक्किएको थियो । मतदान केन्द्रमा उनको सट्टा नयाँ मतदान अधिकृत खटाइएको निर्वाचन अधिकृत प्रेमराज भट्टले जानकारी दिएका छन् ।

### बुटवलमा बम विस्फोट

बुटवल । बुटवलको मिलनचोकमा बम विस्फोट भएको छ । मिलनचोकको आकासे पुलनजिक कुकर बम विस्फोट भएको हो । घटनास्थलमा चुनाव बहिस्कार गर्ने निर्णय गरेको नेकपा माओवादी पार्टीको पर्चा भेटिएको छ । सशस्त्र प्रहरी बल बुटवलका डीएसपी सुरज पाण्डेका अनुसार बम विस्फोटबाट कुनै क्षति भएको छैन । बम विस्फोट भएको नजिकै पर्चाहरू रहेको र अनुसन्धान भइरहेको उनले बताए ।

### ७७ हतियार मात्र बुझाइयो

पर्सा । पर्सामा स्थानीय तहको निर्वाचनका लक्षित गरी जिल्ला प्रशासन कार्यालयबाट इजाजत लिइएका सबै हातहतियार बुझाउन प्रशासन कार्यालयको आग्रह गरे पनि अधिकांशले हातहतियार बुझाएका छैनन् । जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक एवं सूचना अधिकारी ओमप्रकाश खनालका अनुसार जिल्लामा इजाजत लिएका करिब कूल ५०० हातहतियारमध्ये विभिन्न ठाउँबाट हालसम्म ७७ वटा हात हतियार मात्रै बुझाइएको हो । जिल्ला प्रशासन कार्यालय पर्साका अनुसार इजाजत लिइएकामध्ये करिब ५०० को हाराहारीमा हातहातियार नवीकरण हुँदै आएको तथ्याङ्क छ । इजाजत लिएका ती हतियार प्रायः सबै एक नाले र दुई नाले बाह्र बोरका रहेका छन् ।

### १२ कार्टुन रक्सी बरामद

कपिलवस्तु । कपिलवस्तु नगरपालिका-३ सानो बर्गदहवाबाट प्रहरीले रक्सी बरामद गरेको छ । मतदातालाई बाँड्दै गरेको अवस्थामा बुधवार कपिलवस्तु प्रहरीले बरामद गरेको हो । लु १ ज २४१० नम्बरको भ्यानमा राखिएको रक्सी स्थानीयलाई बाँड्न लागेको देखेपछि प्रहरीलाई खबर गरिएको थियो । प्रहरीले बाँड्न लागेको रक्सी सहितको भ्यान र मानिसलाई नियन्त्रणमा लिएको छ । १२ कार्टुन (२६० बोतल) रक्सीसहित एक जनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका प्रवक्ता डिएसपी जेसी शाहले बताए । निवर्तमान वडाअध्यक्ष तथा क्रिकेट एसोसिएसन कपिलवस्तुका अध्यक्ष समेत रहेका वडा नम्बर ३ का उम्मेदवार प्रकाश गैरेमाथि रक्सी बाँड्न लगाएको आरोप छ ।

### दुई थान भरुवा बन्दुक बरामद

कपिलवस्तु । बिजयनगर गाउँपालिका-१ थरौली पाल्पाली टोलस्थित झाडीबाट वेवारिसे अवस्थामा रहेको २ थान भरुवा बन्दुक प्रहरीले बरामद गरेको छ । शुक्रबार राति उक्त स्थानमा बन्दुक रहेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय गणेशपुरबाट खटिएको प्रहरीले उक्त बन्दुक फेला पारी बरामद गरेको हो ।

### करेन्ट लागेर राज मिस्त्रीको मृत्यु

धनुषा । धनुषाधाम नगरपालिका-२ मखनपुर टोल बस्ने शहिदनगर नगरपालिका-८ डुमरीया घर भएका राज मिस्त्रीको काम गर्ने ४० वर्षीय दुखिया सुडिको करेन्ट लागेर मृत्यु भएको छ । सोही नगरपालिका-१ मखनपुरस्थित टाईल्स फ्याक्ट्रीको खुल्ला कम्पाउण्डमा रहेको कलमा नुहाउने क्रममा अचानक करेन्ट लागेर गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो ।

### जनकनन्दनी गापाका अध्यक्ष शेखको निधन

जनकपुरधाम । धनुषा जिल्लाको जनकनन्दनी गाउँपालिकाका अध्यक्ष अब्दुल बारिक शेखको निधन भएको छ । शनिबार साँझ आफ्नै घरमा अध्यक्ष शेखको ७० वर्षको उमेरमा निधन भएको हो । फोक्सोमा क्यान्सर भएर चार वर्षदेखि उपचार गराइरहेका उनलाई दुई महिनादेखि पित्तथैलीमा पत्थरी समेत भएको थियो । शेख नेपाली कांग्रेसबाट २०७४ सालको निर्वाचनमा गाउँपालिका अध्यक्षमा निर्वाचित भएका थिए ।

### पर्सा र बारामा मदिरा ओसारपसार तथा बिक्री वितरणमा रोक

वीरगन्ज । आसन्न स्थानीय तहको निर्वाचनलाई लक्षित गरी पर्सा र बारा जिल्लामा यही बैशाख २७ गते राति १२ बजेदेखि मदिरा ओसारपोसार तथा बिक्री वितरणमा पूर्ण रुपमा रोक लगाइएको छ । दुवै जिल्लाका सुरक्षा समितिको निर्णयअनुसार निर्वाचन सम्पन्न नभएसम्मका लागि जिल्लामा मदिरा ओसारपोसार तथा बिक्री वितरणमा पूर्ण रुपमा रोक लगाइएको हो । भोलि राति १२ बजेदेखि नेपाल भारत सिमामा आवागमन बन्दसँगै जिल्लाभर मदिरा ओसारपोसार तथा बिक्री वितरणमा पूर्ण रुपमा प्रतिबन्ध लगाइएको पर्साका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले जानकारी दिए । यता बारा जिल्लामा पनि वैशाख २७ गते राति १२ बजेदेखि निर्वाचन सम्पन्न नहुञ्जेलसम्मका लागि जिल्लाभर मदिरा ओसारपोसार तथा बिक्री वितरणमा पूर्णरुपमा रोक लगाइएको हो ।

# मोदीको नेपाल भ्रमण तयारी : पश्चिम सेती जलविद्युत् आयोजना निर्माणको जिम्मा दिइने



काठमाडौं । सरकारले पश्चिम सेती जलविद्युत् आयोजना निर्माणको जिम्मा भारतीय कम्पनीलाई दिने भएको छ। चिनियाँ कम्पनी थ्री गर्जेजसँग सम्झौता तोडिएपछि लगानीकर्ता खोजिरहेको यो आयोजना भारतलाई दिने गरी तयारी भइरहेको प्रधानमन्त्री शेरबहादुर देउवाले नै बताएका छन् ।

देउवाले मंगलबार डडेल्धुराको सदरमुकाममा आयोजित चुनावी सभामा ७५० मेगावाट क्षमताको जलाशययुक्त पश्चिम सेती जलविद्युत आयोजना निर्माणका लागि भारतसँग कुरा भइरहेको बताए । उनले नेपाल एक्लैले पश्चिम सेती बनाउन नसक्ने भएकाले भारतीय कम्पनी नै ल्याउनुपर्ने प्रष्टीकरण दिए ।

'भारतका सतलज र आईबीएचएम भन्ने दुई वटा कम्पनी छन्', देउवाले भने, 'तीनैमध्ये कुनै एउटालाई दिने गरी सम्झौता हुन्छ ।'

सतलज नेपालमा अरुण तेस्रो आयोजना निर्माण गरिरहेको कम्पनी हो । गत वर्ष मात्रै केपी शर्मा ओली नेतृत्वको सरकारले यही कम्पनीलाई तल्लो अरुण आयोजना निर्माणको जिम्मा दिएको थियो । प्रधानमन्त्रीले नाम लिएको आईबीएचएम भने कस्तो कम्पनी हो भन्ने खुलेको छैन । प्रधानमन्त्री देउवाले पश्चिम सेती निर्माणका लागि छिट्टै भारतसँग सम्झौता हुने पनि बताए । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी लुम्बिनी भ्रमणमा आएका बेला सम्भव भएसम्म सम्झौतापत्रमा हस्ताक्षर हुने उनको दाबी छ ।

'मोदीजीसँग वुद्ध पूणिर्माका दिन लुम्बिनी आउँदै हुनुहुन्छ । त्यहाँ उहाँसँग मेरो भेट हुँदैछ । भरसक राम्रो भारतीय कम्पनीसँग सम्झौता गर्छौं', प्रधानमन्त्री देउवाले भने, 'भारतीय कम्पनीलाई निर्माणको जिम्मा दिँदा हामीलाई फाइदा नै हुन्छ ।'

देउवाले भारतीय कम्पनीलाई नै पश्चिम सेती निर्माणको जिम्मा दिनुको कारण भने भारतलाई विजुली बेच्नुपर्ने बताएका छन् । चिनियाँ कम्पनीले ठेक्का लिएका आयोजनाको बिजुली पनि भारतले नकिनेको भन्दै उनले भने, 'यो जलाशययुक्त आयोजना भएकाले सुख्खायाममा पनि बिजुली निस्कन्छ, पञ्चेश्वर पनि अघि बढाउँछौं, पश्चिम सेती पनि बनाउँछौं । यसले लोडसेडिङको समस्या पनि आउन दिँदैन ।'

जलाशययुक्त पश्चिम सेती आयोजनामा मात्र विदेशी लगानीकर्ताले चासो नदिएपछि लगानी बोर्ड नेपालले पश्चिम सेती र अर्को जलाशययुक्त परियोजना 'एसआर-६' एउटै लगानीकर्तालाई दिने प्रस्ताव अघि सारेको थियो ।

चिनियाँ कम्पनी थ्री गर्जेजले २०७५ भदौ १३ मा भएको अन्तिम वार्तामा क्षमता घटाएर पनि पश्चिम सेती आयोजना बनाउन अस्वीकार गरेको थियो । बोर्डले परियोजनाको क्षमता ७५० बाट घटाएर ६२० मेगावाटमा झार्ने र अमेरिकी डलरमा विद्युत खरिद सम्झौता -पीपीए) गर्ने प्रस्ताव गरेको थियो ।

तर, बाँधस्थल प्रस्तावित स्थानको भूगर्भ, उचाइ र प्रभावितको पुनर्स्थापना लगायतको कारण देखाएर थ्री गर्जेज पश्चिम सेतीबाट बाहिरिएको थियो । पुनर्बास लगायतका धेरै विषयका कारण परियोजना वित्तीय रुपमा सम्भाव्य नरहेको उसले बताएको थियो ।

२४ वर्षअघि अष्ट्रेलियाको स्मेक कम्पनीले पनि पश्चिम सेती निर्माणको जिम्मा लिएको थियो । तर, १७ वर्षसम्म १० पटकसम्म इजाजतपत्र नवीकरण गर्दा पनि काम अगाडि नबढेपछि सरकारले इजाजत रद्द गरेको थियो । त्यसपछि सन् २०१२ मा यो आयोजना थ्री गर्जेजलाई हात परेको थियो ।

तर, थ्री गर्जेजले पनि काम अगाडि नबढाएपछि लगानी बोर्डले पश्चिम सेतीलाई कसरी सम्भाव्य बनाउने भन्नेबारे अध्ययन गरेको थियो । जसले एसआर-६ परियोजना पनि दिने हो पश्चिम सेती बन्ने निष्कर्ष निकालेको थियो । त्यसैका आधारमा अहिले बोर्डले दुबै परियोजनालाई एउटै प्याकेजमा राखेर विकासकर्ता खोजिरहेको छ ।

पश्चिम सेतीभन्दा केही कम क्षमता अर्थात् ४५० मेगावाटका जलाशययुक्त आयोजना हो । पश्चिमसेतीमा बुढीगंगा मिसिने स्थानभन्दा केही तल एसआर-६ आयोजना बनाउन प्रस्ताव गरिएको छ । यो परियोजना डोटी र अछाम जिल्लामा पर्छ । दिपायल-गौगुडा ग्रामीणमार्ग परियोजना पहुँचमार्गको नजिक पर्छ ।

जापानी सहयोग नियोग (जाइका) ले गरेको अध्ययनअनुसार यो परियोजना ६५२ मेगावाटसम्म बन्नसक्छ । यसका लागि २०७ मिटर अग्लो बाँध बाँध्नुपर्छ । यसको क्षमता आधा घटाउने हो भने २२८ मेगावाट विजुली उत्पादन हुनसक्छ ।

साथै पश्चिम सेती र एसआर ६ परियोजना एकै विकासकर्ताले बनाउँदा पानी थुन्ने, विद्युत् निकाल्ने र पानी छाड्ने समयको व्यवस्थापन गर्दा ४५० मेगावाटमा र पश्चिम सेतीलाई ७५० मेगावाटमै बनाउन सकिने बोर्डको दावी छ ।

एसआर-६ मा १.५ मिटर हेडरेस सुरुङमार्ग बनाएर बिजुली उत्पादन गर्न सकिन्छ । खुलास्थानमा पावरहाउस बनाउन सकिने लगानी बोर्डले जनाएको छ ।

प्रधानमन्त्री देउबाले सतलज वा आईबीएचएमलाई यो परियोजना दिन सकिने बताए पनि भारतको एनचएपीसी पनि यो परियोजनामा इच्छुक देखिएको स्रोतको भनाइ छ ।

सतलजको एजेन्टमा रुपमा लगानी बोर्डका कार्यकारी निर्देशक सुशील भट्टका भाइ दीपक भट्टले नेपालमा काम गरिरहेको लगानी बोर्डका एक अधिकारीले दाबी गरे । हालसालै भट्ट एजेन्ट रहेको चिनियाँ कम्पनी गेजुवा वाटरबाट बूढीगण्डकी जलविद्युत आयोजना खोसेर सरकारले स्वदेशी लगानीमै बनाउने निर्णय गरेको छ ।

'सतलजबाहेक एनएचपीसीलाई यो आयोजना दिलाउन केही राणा थरका व्यापारीहरु लाग्नुभएको छ,' ती अधिकारीले भने, 'अब प्रधानमन्त्रीज्यूले जसलाई चाहनुभयो, त्यही कम्पनीलाई पश्चिम सेती जिम्मा लगाउने योजना हो ।'

-अनलाइनखबरबाट

## बौद्ध विहारको शिलान्यास गरिने

काठमाडौं । बुद्ध पूर्णिमाका अवसरमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको गौतम बुद्धको जन्मस्थल लुम्बिनीको नेपाल भ्रमणको तयारीले तीब्रता पाएको छ । युनेस्कोको निमन्त्रणामा भारतीय प्रधानमन्त्री मोदीले गौतम बुद्धको २५६६ औं जन्मजयन्तीको अवसरमा मई १६ अर्थात जेठ २ गते लुम्बिनी भ्रमण गर्ने कार्यक्रम छ ।

विश्वभरका बौद्ध धर्मावलम्बीहरूका लागि सबैभन्दा पवित्र स्थानहरू मध्ये एक लुम्बिनीलाई युनेस्कोले सन् १९९७ मा विश्व सम्पदा क्षेत्र घोषणा गरेको थियो । मोदीको भ्रमणका लागि लुम्बिनी क्षेत्रमा चारवटा हेलिप्याड तयार गरिदैछ । मोदी कुशीनगरबाट हेलिकोप्टरमा लुम्बिनी अवतरण गर्ने बताइएको छ ।

प्रधानमन्त्री शेरबहादुर देउवाले पनि सोही दिन लुम्बिनीको भ्रमण गरी गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको उद्घाटन गर्ने कार्यक्रम छ ।

देशको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको उद्घाटन गरेपछि देउवाले मोदीलाई स्वागत गर्नेछन् । दुवै नेताले मायादेवी मन्दिरमा पूजाअर्चना गर्ने र भारत सरकारको आर्थिक सहयोगमा बन्ने बौद्ध विहारको शिलान्यास गर्ने कार्यक्रम रहेको छ ।

संस्कृति तथा पर्यटन मन्त्रालयको मातहतमा रहेको अन्तर्राष्ट्रिय बौद्ध महासंघमार्फत् भारत सरकारले गुम्बा निर्माणका लागि एक अर्ब रुपैयाँभन्दा बढी खर्च गरिरहेको छ । मोदीले अशोक स्तम्भ र बोधिवृक्षको पनि भ्रमण गर्नेछन्, जुन रूखमुनि गौतम बुद्धले बुद्धत्व प्राप्त गरेका थिए । देउवा र मोदीले लुम्बिनीमा वार्ता र सम्बोधन गर्ने कार्यक्रम छ जहाँ विश्वभरका बौद्ध धर्मावलम्बीहरुको सहभागिता रहनेछ । लुम्बिनीमा पाँच घण्टा लामो व्यस्तता पूरा गरी मोदी सोही दिन नै कुशीनगर हुँदै नयाँ दिल्ली फर्कनेछन् ।

मोदीको यो पाँचौं नेपाल यात्रा हुनेछ । उनी पहिलोपटक सन् २०१४ अगस्टमा नेपाल भ्रमणमा आएका थिए । त्यसपछि सार्क शिखर सम्मेलनमा भाग लिन सोही वर्षको नोभेम्बरमा उनी काठमाडौं आए । मोदी तेश्रो पटक सन् २०१८ को मे महिनामा नेपाल आएका थिए ।


- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासायियक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मधेश प्रदेश, धनुषा, नेपाल
इमेल : malcprovince2@gmail.com


## भ्रमणले नेपालको हितमा दूरगामी असर गर्नेछ



**उपेन्द्र झा**
**राजनीतिक विश्लेषक**

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमण हुनु राम्रै कुरा हो र हाम्रो लागि गौरवको विषय हो । दुईटा महाशक्ति देशको सन्तुलन कुटनीतिक सम्बन्धले गर्दा उसको प्रभावमा परेको नेपाल जसरी अराजक किसिमले हिंड्दैछ, त्यसमा स्थिरता ल्याउनका लागि छिमेकी राष्ट्र भारतसँग सौहार्दपूर्ण वातावरण बन्नु र भ्रमणले सम्बन्ध सुधार हुनु आफैमा महत्वपूर्ण कुरा हो । भारतसँग हाम्रो प्राकृतिक सम्बन्ध हो, एकअर्कामाथिको जिम्मेवारी पनि हो । जुन आर्थिक संकट श्रीलंकाले भोगिरहेको छ, त्यस्ता संकटबाट नेपाल निवारण पाउनका लागि भारतको साथ र सहयोग आवश्यक देखिएको छ । भारतले पनि यी कुराहरुलाई मनन् गरेरै प्रधानमन्त्री मोदीको भ्रमण हुन लागेको हो । त्यसकारण मोदीको आगमनलाई हामी धेरै महत्वका साथ हेरेका छौं ।

धार्मिक तथा राजनीतिक भ्रमण भएपनि दुई देशबीचको विशेष सम्बन्ध हो । यो सम्बन्ध जति बलियो रहन्छ, त्यति फाइदा नेपाललाई हुन्छ । मोदीको लुम्बिनी भ्रमणले नेपालको हितमा दूरगामी असर गर्नेछ । मोदीको भ्रमणले धार्मिक पर्यटन एकदमै वृद्धि हुने हामी विश्वास गर्न सक्छौं । यसका उदाहरणहरु पनि हामीसँग छ । यो भ्रमणले धार्मिक पर्यटक बढ्छ र नेपालको आर्थिक विकासमा सहयोग पुग्छ ।

## मोदीको लुम्बिनी भ्रमणले पर्यटन क्षेत्रमा ठूलो फड्को मार्नेछ



**सत्यनारायण मण्डल**
**नेता, जनता समाजवादी पार्टी नेपाल**

भारतका प्रधानमन्त्री नरेन्द्रको लुम्बिनी भ्रमण नेपालको लागि सौभाग्यको विषय हो । भगवान बुद्धलाई विश्व जगत्ले लाइट अफ एसिया भन्ने गरेको छ । विश्वभरि शान्ति फैलाउने भगवान बुद्धको जुन उद्देश्य थियो त्यो उद्देश्य साथ एसियाका धेरै जसो देशहरु बुद्धमार्गी छन् । विश्वमा शान्ति स्थापना हुने सपना साकार हुने उद्देश्य रहेको छ, त्यसमा बुद्ध जयन्तीको दिन भारतका प्रधानमन्त्रीको लुम्बिनी आगमन हुनु नेपालको लागि सौभाग्यको विषय नै हुनेछ । नेपालको एउटा अर्को पक्ष छ कि पर्यटन अभिवृद्धि गर्ने । भारतका प्रधानमन्त्रीको आगमनले नेपालको पर्यटनमा वृद्धि हुनेछ ।

पाँच हजार क्षमता भएको एउटा स्टेडियम निर्माण भएको छ, त्यसै दिनदेखि गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटन हुँदैछ । मोदीको यो भ्रमणले बृहत्तर बुद्ध सर्किट निर्माणमा पनि सघाउ पुग्नेछ । भारतसँग हामीले गरेको सहयोगको अपेक्षामा अझ वृद्धि हुनेछ । त्यो भैरहवा लुम्बिनी क्षेत्रको मात्रे होइन, समग्र नेपालको विकासमा एउटा ठूलो योगदान पुग्नेछ । यसअघि जसरी जनकपुरधाम र मुक्तिनाथमा आवागमन भयो, त्यसपछि जनकपुरधाममा त ह्वात्तै पर्यटनहरुको वृद्धि भयो । नेपालमा सबभन्दा बढी पर्यटक आउने भनेको भारतबाट नै हो । पर्यटन क्षेत्रको विकास भयो भने आर्थिक विकासमा टेवा पुग्छ । स्वीट्जरल्याण्डको आमदानीको स्रोत नै पर्यटन छ, हाम्रो देश पनि प्राकृतिक सौन्दर्यले भरिपूर्ण छ । भारतजस्तो ठूलो देशको प्रधानमन्त्री आयो भने हाम्रो लागि सौभाग्यको कुरो छ । भारतसँग हाम्रो सभ्यता र संस्कृति समान छ । उहाँको लुम्बिनी भ्रमणले पर्यटन क्षेत्रमा ठूलो फड्को मार्नेछ ।

## पर्यटन क्षेत्रमा अतुलनीय योगदान पुऱ्याउँछ



**डा.सुरेन्द्र झा**
**नेता, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल**

भारतको प्रधानमन्त्री नरेन्द्र मोदी लुम्बिनी भ्रमणलाई अत्यन्तै स्वागतयोग्यको रुपमा मानेका छौं । बुद्धम् शरणम् गच्छामी हामी भन्छौं । उहाँ आफै बुद्धत्व प्राप्त गरेको एउटा महामानव हुनुहुन्छ । बुद्ध जयन्तीको दिन उहाँ लुम्बिनी आउँदा एउटा विशेष समारोहको रुपमा विश्वसामु चिनिने एउटा कदम हो । लाइट अफ एसिया भनेर भगवान बुद्ध प्रचारित हुनुहुन्छ । मधेशको धरती पुत्र जसले भगवानको रुपमा विश्वमा प्रख्यातित हुनुहुन्छ । उहाँको कृति र उहाँको अन्तर्राष्ट्रियकरण गराउनमा मोदीको भ्रमणले अतुलनीय योगदान पुऱ्याउँछ ।

विशेष रुपले विश्वको सबैभन्दा ठूलो लोकतान्त्रिक मुलुक भारत र १३५ करोड जनसंख्या भएको देशको सुप्रिमो, प्रधानमन्त्री नै यहाँ भ्रमणमा आउँदा यसले लुम्बिनी र नेपालको पर्यटन क्षेत्रमा धेरै ठूलो सकारात्मक प्रभाव पर्छ । नेपालको जुन भौगोलिक अवस्थिति छ, त्यसमा सबैभन्दा सन्निकट मित्र भारतको प्रधानमन्त्री आउँदा नेपालको राजनीतिक, आर्थिकलगायत दुई देशबीचका नागरिकका जुन सम्बन्ध छ, त्यो सम्बन्धमा पनि बढोत्तरी हुन्छ । उहाँको आफ्नो प्रधानमन्त्रीत्वकालमा यो चौथों पटक नेपाल भ्रमणमा आउँदै हुनुहुन्छ । यसले पनि देखाउँछ कि भारतले नेपाललाई विशेष महत्वका साथ हेर्दोरहेछ । भारतले नेपालको प्रगति, आर्थिक समृद्धि, राजनीतिक स्थिरतामा योगदान पुऱ्याउन खोजेको छ भन्ने कुरोको सन्देश भारतजस्तो विशाल राष्ट्रका प्रधानमन्त्रीको यो चौथो भ्रमणले प्रष्टरुपमा सन्देश दिएको छ । अन्तर्राष्टिय जगत्को मिडियाले पनि यो भ्रमणलाई विशेष महत्वका साथ हेरेको छ ।

यो एउटा धार्मिक भ्रमण त हो नै । तर एउटा विश्वका नेता, राजनेताको भ्रमण हुँदा अन्य धेरै कुराहरुमा यसको प्रभाव पर्छ । यो भ्रमणको कुटनीतिक, सामाजिक, राजनीतिक, आर्थिक पनि बिल्कुलै पर्छ । त्यसैले यो धार्मिक भ्रमण भनिए तापनि दुई देशबीच उत्कृष्ट र पृथक सम्बन्ध छ हाम्रो । यो भ्रमणले सो सम्बन्धलाई अझ बढोत्तरी गर्छ ।

## यो भ्रमण धार्मिक एवं रणनीतिक पनि हो



**कैलाश महतो**
**संयोजक, स्वाधिन मधेश जनअभियान**

जेठ २ गते अर्थात् मई १६ बुद्ध जयन्ती छ, यो विश्वको चासोको कुरा हो र हाम्रो लागि गर्वको कुरा हो कि भारतको कार्यकारी प्रधानमन्त्री नेपाल आउँदै हुनुहुन्छ । बुद्ध जयन्तीको दिन हामी नेपालीले उहाँलाई स्वागत गर्न पाउँदा एकदम खुशी हुनुपर्छ । बुद्ध जयन्तीको अवसरमा उहाँको जुन भ्रमण छ, त्यो एउटा रणनीतिक भ्रमण पनि हो । चीनको बीआरआई र इण्डो प्यासिफिक स्ट्राटेजीको बीचमा यो भ्रमणलाई हामी हेर्नुपर्छ । यो एउटा धार्मिक भ्रमण भनेर भनिएको छ । यो धार्मिक भ्रमणभित्र पनि एउटा अर्को भ्रमण छ । बुद्धको दर्शनभन्दा पृथक कुरा हामी गर्छौं ।

## विश्व परिवेश

# एसोसिएसन अफ एशियन इलेक्शन अथोरिटीजको अध्यक्षमा भारत निर्वाचित

सन् २०२२-२०२४ को लागि एसोसिएसन अफ एशियन इलेक्शन अथा'रिटीजको नयाँ अध्यक्षमा भारत सर्वसम्मतिले निर्वाचित भएको छ।

फिलिपिन्सको मनिलामा गत वैशाख २५ गते बसेको कार्यकारी बोर्ड र महासभाको बैठकले उक्त निर्णय सार्वजनिक गरेको हो ।

ईसीआईका अनुसार नयाँ कार्यकारी बोर्डमा अब रुस, उज्वेकिस्तान, श्रीलंका, माल्दिभ्स, ताइवान र फिलिपिन्स रहेका छन् ।

एशियन इलेक्शन अथा'रिटीजको संघको मिशन भनेको सुशासनलाई समर्थन गर्ने उद्देश्यका साथ खुला र पारदर्शी निर्वाचनलाई प्रवर्द्धन गर्ने तरिकाहरूमा छलफल गर्न र कार्य गर्नका लागि निर्वाचन अधिकारीहरू बीच अनुभवहरू र उत्कृष्ट अभ्यासहरू साझा गर्न एसियाली क्षेत्रमा गैर-पक्षीय फोरम प्रदान गर्नु हो।

निर्वाचन आयोगका उपनिर्वाचन आयुक्त नितेश व्यासको नेतृत्वमा प्रमुख कार्यकारी अधिकृत मणिपुर राजेश अग्रवाल र राजस्थानका प्रमुख कार्यकारी अधिकृत प्रवीण गुप्तासहितको तीन सदस्यीय प्रतिनिधिमण्डल मनिलामा भएको कार्यकारी बोर्ड बैठकमा सहभागी भएको थियो ।

बैठकमा आयोगको प्रतिनिधिमण्डलले २०२२-२३ को कार्ययोजना र २०२३-२४ को भविष्यका गतिविधिहरू पनि कार्यकारी बोर्डमा प्रस्तुत गरेको थियो।

'चुनावमा लैङ्गिक मुद्दाहरू' मा एक प्रस्तुति पनि दिइएको थियो, जसले सामाजिक-राजनीतिकता तोड्न भारतद्वारा विभिन्न संगठित र लक्षित हस्तक्षेपहरू हाइलाइट गर्दछ।

एसोसिएसन अफ एशियन इलेक्शन अथा'रिटीजको स्थापना सन् १९९८ मा मनिला, फिलिपिन्समा सन् १९९७ जनवरी २६-२९ सम्म भएको एसियाली चुनावमा बीस प्रथम शताब्दीमा भएको सिम्पोजियमका सहभागीहरूले पारित गरेपछि भएको हो।



भारतको निर्वाचन आयोगका अनुसार भारत इन्टरनेशनल इन्स्टिच्युट फर डेमोक्रेसी एन्ड इलेक्शन म्यानेजमेन्ट ( आईआईआईडीईएम) द्वारा समय-समयमा सञ्चालन हुने अन्तर्राष्ट्रिय प्रशिक्षण कार्यक्रममा धेरै आईआईआईडीई सदस्य देशका अधिकारीहरू नियमित रूपमा सहभागी भइरहेका छन्।

२०१९ देखि, आईआईआईडीई सदस्य देशहरूका २५० भन्दा बढी अधिकारीहरूले यी कार्यक्रमहरूमा भाग लिएका छन्। ईइडेम ले विशिष्ट आईआईआईडीई सदस्य देशहरूको लागि अनुकूलित क्षमता विकास प्रशिक्षण कार्यक्रमहरू पनि सञ्चालन गर्दछ।

भारतको निर्वाचन आयोगले आयोजना गरेको अन्तर्राष्ट्रिय चुनावी आगन्तुक कार्यक्रममा एएईएका प्रतिनिधिहरू पनि नियमित रूपमा सहभागी हुँदै आएका छन्। २०२२ को विधानसभा चुनावमा ईसिआईद्वारा आयोजित तेस्रो अन्तर्राष्ट्रिय भर्चुअल इलेक्शन भिजिटर्स प्रोग्राममा १२ एएईए सदस्यहरूबाट ६२ अधिकारीहरूले भाग लिएका थिए।

एएईए विश्व चुनाव निकायहरूको ११८ सदस्य संघको एक एसोसिएट सदस्य पनि हो, ईसीआईले थप्यो।

सन् २०२२-२०२४ को लागि एसोसिएसन अफ एशियन इलेक्शन अथा'रिटीजको नयाँ अध्यक्षमा भारत सर्वसम्मतिले निर्वाचित भएको छ।

यो निर्णय फिलिपिन्सको मनिलामा हालै सम्पन्न कार्यकारी बोर्ड र महासभाको बैठकमा घोषणा गरिएको थियो। निर्वाचन आयोग, मनिला एएईएको वर्तमान अध्यक्ष थियो, भारतको निर्वाचन आयोगले बुधबार भन्यो।

ईसीआईका अनुसार नयाँ कार्यकारी बोर्डमा अब रुस, उज्वेकिस्तान, श्रीलंका, माल्दिभ्स, ताइवान र फिलिपिन्स रहेका छन् ।

"एशियन इलेक्शन अथा'रिटीजको संघको मिशन भनेको सुशासनलाई समर्थन गर्ने उद्देश्यका साथ खुला र पारदर्शी निर्वाचनलाई प्रवर्द्धन गर्ने तरिकाहरूमा छलफल गर्न र कार्य गर्नका लागि निर्वाचन अधिकारीहरू बीच अनुभवहरू र उत्कृष्ट अभ्यासहरू साझा गर्न एसियाली क्षेत्रमा गैर-पक्षीय फोरम प्रदान गर्नु हो। र लोकतन्त्र," ईसीआईले एक विज्ञप्तिमा भन्यो।

निर्वाचन आयोगका उपनिर्वाचन आयुक्त नितेश व्यासको नेतृत्वमा प्रमुख कार्यकारी अधिकृत मणिपुर राजेश अग्रवाल र राजस्थानका प्रमुख कार्यकारी अधिकृत प्रवीण गुप्तासहितको तीन सदस्यीय प्रतिनिधिमण्डल मनिलामा भएको कार्यकारी बोर्ड बैठकमा सहभागी भएको थियो ।

बैठकमा आयोगको प्रतिनिधिमण्डलले २०२२-२३ को कार्ययोजना र २०२३-२४ को भविष्यका गतिविधिहरू पनि कार्यकारी बोर्डमा प्रस्तुत गरेको थियो।

'चुनावमा लैङ्गिक मुद्दाहरू' मा एक प्रस्तुति पनि दिइएको थियो, जसले सामाजिक-राजनीतिकता तोड्न भारतद्वारा विभिन्न सङ्घर्षित र लक्षित हस्तक्षेपहरूलाई हाइलाइट गर्दै थियो।

एसोसिएसन अफ एशियन इलेक्शन अथा'रिटीजको स्थापना सन् १९९८ मा मनिला, फिलिपिन्समा सन् १९९७ जनवरी २६-२९ सम्म भएको एसियाली चुनावमा बीस प्रथम शताब्दीमा भएको सिम्पोजियमका सहभागीहरूले पारित गरेपछि भएको हो।

भारतको निर्वाचन आयोगका अनुसार भारत इन्टरनेशनल इन्स्टिच्युट फर डेमोक्रेसी एन्ड इलेक्शन म्यानेजमेन्ट ( आईआईआईडीईएम) द्वारा समय-समयमा सञ्चालन हुने अन्तर्राष्ट्रिय प्रशिक्षण कार्यक्रममा धेरै ब्ब्ब सदस्य देशका अधिकारीहरू नियमित रूपमा सहभागी भइरहेका छन्।

भारतको निर्वाचन आयोगले आयोजना गरेको अन्तर्राष्ट्रिय चुनावी आगन्तुक कार्यक्रममा एएईएका प्रतिनिधिहरू पनि नियमित रूपमा सहभागी हुँदै आएका छन्। २०२२ को विधानसभा चुनावमा ईसीआई द्वारा आयोजित तेस्रो अन्तर्राष्ट्रिय भर्चुअल इलेक्शन भिजिटर्स प्रोग्राममा १२ एएईए सदस्यहरूबाट ६२ अधिकारीहरूले भाग लिएका थिए।

एएईए विश्व चुनाव निकायहरूको ११८ सदस्य संघको एक एसोसिएट सदस्य पनि हो। – इण्डिया न्यूज नेटवर्क

## संयुक्त राष्ट्रसंघीय शान्ति स्थापनाका तीनवटा परियोजनाका लागि कोष दिने

भारतले संयुक्त राष्ट्रसंघीय शान्ति स्थापनाका तीन परियोजनाका लागि स्वैच्छिक आर्थिक योगदानको रूपमा अमेरिकी डलर ६१५,३६१ को चेक हस्तान्तरण गरेको छ।

यी परियोजनाहरू कमजोर समाजहरूमा कानूनको शासनलाई सुदृढ पार्ने, शान्ति सैनिकहरू विरुद्धको अपराधहरूको लागि डाटाबेस सिर्जना गर्ने र रणनीतिक सञ्चारको माध्यमबाट महिला शान्ति र सुरक्षा एजेन्डा कार्यान्वयन गर्ने उद्देश्यका छन्, न्यूयोर्कमा संयुक्त राष्ट्रका लागि भारतको स्थायी नियोगले बिहीबार जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ।

चेक शान्ति संचालन विभागका उपमहासचिव जीन पियरे ल्याक्रोइक्सलाई हस्तान्तरण गरिएको थियो।

पहिलो परियोजना संयुक्त राष्ट्र शान्ति सेना अन्तर्गत द्वन्द्व क्षेत्र, विशेष दुर्गम क्षेत्रहरू, र प्राविधिक उपलब्ध गराउने विशेष कानूनको आवश्यकताहरू पहिचान गर्ने उद्देश्यले हो र कानुनी शासनको राष्ट्रिय अधिकारीहरूलाई वकालत समर्थन, प्रेस विज्ञप्तिमा भनिएको छ।

दोस्रो परियोजनाले विशेष गरी दुर्गम क्षेत्रहरूमा शान्ति सैनिकहरू विरुद्ध अपराधहरूका लागि डाटाबेस सिर्जना गर्न संकल्प २५८९ को प्रावधानको कार्यान्वयनलाई समर्थन गर्नेछ, विज्ञप्तिमा भनिएको छ।

तेस्रो परियोजनाले रणनीतिक सञ्चार मार्फत महिला शान्ति र सुरक्षा एजेन्डा कार्यान्वयन गर्न प्रोत्साहन दिनेछ।

परियोजना डिजाइन गरिएको छ जसले समस्याग्रस्त समाजहरूमा शान्ति, रिकभरी र विकासका लागि महिलाहरूको आवाजलाई बढावा दिन्छ।

संयुक्त राष्ट्रका लागि स्थायी नियोगका अनुसार, भारतले संयुक्त राष्ट्रको मुख्यालयमा रहेको संयुक्त राष्ट्र शान्ति सैनिक स्मारकमा भौतिक स्मारक पर्खाल निर्माण गर्ने विधि पहिचान गर्ने सम्भाव्यता अध्ययनको लागि आर्थिक सहयोग गर्न पनि सहमत भएको छ।

"भारतले संयुक्त राष्ट्र शान्ति स्थापना कार्यहरूमा योगदानको आफ्नो लामो र समृद्ध परम्परामा गर्व गर्दछ।

सबैभन्दा ठूलो सेना र पुलिस योगदान गर्ने देशहरू मध्ये एकको रूपमा, भारत संयुक्त राष्ट्र शान्ति सैनिकहरूको सुरक्षा र सुरक्षालाई सम्बोधन गर्ने उपायहरूलाई समर्थन गरेर र प्रभावकारी बृद्धि गरेर संयुक्त राष्ट्र शान्ति सेनालाई बलियो बनाउन प्रतिबद्ध छ।

– इण्डिया न्यूज नेटवर्क




## लुम्बिनी प्रदेशसभाको बैठक जेठ १० गतेसम्मका लागि स्थगित

रूपन्देही । लुम्बिनी प्रदेश सभाको १० औं अधिवेशन जेठ १० गतेसम्मका लागि स्थगित भएको छ । कानुनी प्रक्रिया पूरा गर्नका लागि स्थगित भएको हो । मङ्गलवारदेखि सुरू भएको लुम्बिनी प्रदेश सभाको १० औं अधिवेशनको पहिलो बैठक नेकपा एमालेले अवरूद्ध गरेको छ । प्रदेश सभाको पहिलो बैठक सुरू भए लगत्तै एमाले संसदीय दलका प्रमुख सचेतक भूमिश्वर ढकालले प्रदेश सभामा आफूहरूले राखेका माग सम्बोधन नभएसम्म सदन चल्न नदिने बताए । सदनमा नेकपा संसदीय दलका प्रमुख सचेतक ढकालले बोले लगत्तै एमालेका सदस्यहरूले बेल घेराउ गर्दै नाराबाजी गरेपछि बैठक स्थगित भएको थियो ।

## आगलागीबाट विभिन्न धनमाल जलेर नष्ट

कैलाली । लम्कीचुहा नगरपालिका-७ बस्ने नयाराम आचार्यको घरमा बच्चाहरु खेल्ने क्रममा शुक्रबार बिहान अचानक आगलागी भएको छ । आगलागीबाट ३ तोला सुन, नगद ४ लाख ५० हजार रुपैयाँ लगायत विभिन्न सामानहरू जलेर करिब २० लाख रुपैयाँ बराबारको धनमाल नष्ट भएको छ । प्रहरी, दमकल र स्थानीय बासिन्दाको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## जिल्ला समाचार

### प्रदेश १ : ४८ जनप्रतिनिधिविरुद्ध मुद्दा

विराटनगर । २०७४ सालमा निर्वाचन भएर स्थानीय सरकार बनेपछिको ५ वर्षको समयसीमा सकिन अब एक दिन मात्रै बाँकी छ । स्थानीय तहको निर्वाचनबाट निर्वाचित भएका जनप्रतिनिधिको कार्यकाल पनि सकिदै छ । यो अवधिमा जनप्रतिनिधि विभिन्न खालका विवादमा मुछिए । केहीमाथि योजनाको रकममा भ्रष्टाचार गरेको देखि लिएर नातावादमा अल्झिएको आरोप पनि लाग्यो । पछिल्लो ५ वर्षको अवधिमा प्रदेश १ मा जनप्रतिनिधिहरु विभिन्न अपराधमा पनि मुछिए । प्रतिवादी बनाएर ४८ जनाविरुद्ध फौजदारी कसुरमा मुद्दा चलाइयो । अपराधिक घटनामा मुछिएका ४६ पुरुष र २ जना महिला जनप्रतिनिधिविरुद्ध प्रहरीले विभिन्न कसुरमा मुद्दा चलाएको हो । फौजदारी कसुरमा मुद्दा चलाइएकामध्ये २८ जना पक्राउ परेको र २० जना अझै फरार रहेको प्रहरीको तथ्यांकले देखाएको छ । प्रदेश १ प्रहरी कार्यालय विराटनगरका प्रवक्ता एसपी नवीनराज राईका अनुसार अपराधमा मुछिएर कानुनी विवादमा परेकामध्ये पालिकाका प्रमुख २ जना, उपप्रमुख १ र वडाध्यक्ष २१ जना तथा अन्य वडा सदस्य छन् । जनप्रतिनिधिविरुद्ध विभिन्न अपराधसँग सम्बन्धित ४५ वटा मुद्दा दर्ता भएको जानकारी उनले दिए । कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, जबरजस्ती करणी, नागरिकता ऐन, जुवा एवं सट्टाबाजी, अभद्र व्यवहार, ठगी, सार्वजनिक शान्तिविरुद्धको कसूर, सरकारी छाप दस्तखत किर्ते, गर्भपतन, गैरकानुनी भेला, बहुविवाह, हातहतियार खरखजना, लागुऔषध, बालविवाह, अपहरण तथा शरीर बन्धकलगायतका शीर्षकमा जनप्रतिनिधिविरुद्ध मुद्दा चलेको एसपी राईले बताए । मुद्दा चलाइएकामध्ये केहीले अदालतबाट सफाइ पाएका छन् । केही मुद्दा अदालतमा विचाराधीन छन् । कतिपय जनप्रतिनिधि दोषी ठहर पनि भएका छन् ।

### मतदान गर्ने व्यवस्था मिलाउन आग्रह

नेपालगञ्ज । बाँकेमा नागरिक समाजले स्थानीय निर्वाचनमा अपाङ्गता भएका व्यक्ति, असहाय, बिरामी, ज्येष्ठ नागरिकलाई मतदान गर्ने व्यवस्था मिलाउन निर्वाचन आयोगलाई आग्रह गरेको छ । सूचना र मानवअधिकार अनुसन्धान केन्द्रको सहकार्यमा राष्ट्रिय मानवअधिकार आयोग र मानवअधिकार सञ्जाल नेपालगञ्जको संयुक्त आयोजनामा भएको निर्वाचन आचारसंहिताबारे छलफलमा स्थानीय निर्वाचनलाई निष्पक्ष र भयरहित बनाउनका लागि नागरिक समाजले प्रभावकारी अनुगमनसमेत गर्ने भएको छ । अहिले पनि निर्वाचन आचारसंहिता उल्लङ्घन भइरहेको भन्दै उनीहरुले अनुगमनमा देखिएका विषयलाई मानवअधिकार आयोगको कार्यालयमा हेल्प डेस्कमार्फत सूचना प्रवाह गर्ने बताएका छन् । राष्ट्रिय मानवअधिकार आयोगका नेपालगञ्जका प्रमुख झङ्कर रावलले हेल्पडेस्क स्थापना गरी निर्वाचनसँग सम्बन्धित विभिन्न गतिविधिको अनुगमन गरी सरोकार भएकाको ध्यानाकर्षण गराइने जानकारी दिए । मानवअधिकार आयोगका पूर्वआयुक्त सुदीप पाठकले निर्वाचन आयोगले जारी गरेको आचारसंहिता राजनीतिक दल, मिडिया, उम्मेदवारलगायतले कडाइका साथ पालना गर्नुपर्नेमा जोड दिँदै भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउनमा पर्यवेक्षकको भूमिका महत्वपूर्ण हुने बताए ।

### कैलालीमा निर्वाचनको तयारी पुरा

कैलाली । वैशाख ३० गते हुन लागेको स्थानीय तहको निर्वाचनको तयारी कैलालीमा लगभग पुरा भएको छ । जिल्ला न्यायाधीश एवं मुख्य निर्वाचन अधिकृत जयानन्द पनेरुले निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको जानकारी दिए । उनले अकर्मचारीलाई नियुक्ति पत्र दिई मतदान केन्द्रमा पठाइएको र मतदान केन्द्र (बुथ) निर्माणको कामसमेत पुरा भएको बताए । कैलालीका सबै १३ पालिकाका २३६ मतदानस्थलमा व्यवस्था गरिएका ६१९ मतदान केन्द्रका लागि ६१९ मतदान अधिकृत र त्यतिकै सङ्ख्यामा सहायक मतदान अधिकृत खटाइएको छ । पाँच सय मतदाता भएको केन्द्रमा एक सहायक कर्मचारी र सो भन्दा बढी मतदाता भएको मतदान केन्द्रमा दुई सहायक कर्मचारी खटाउन लागिएको छ । सबै मतदान केन्द्रमा एक कार्यालय सहयोगी खटाइएको छ । जिल्लामा एक उपमहानगरपालिका, ६ नगरपालिका र ६ गाउँपालिका रहेको छ ।

### रूपन्देहीका ६२ मतदानस्थल अतिसंवेदनशील

रुपन्देही । शुक्रबार हुने स्थानीय तहको निर्वाचनका लागि रुपन्देहीमा सुरक्षा व्यवस्था कडा पारिएको छ । निर्वाचन अवधिका लागि रुपन्देहीमा चार हजार ६०४ सुरक्षाकर्मी परिचालन गरिएको हो । मतदानस्थलमा सुरक्षाकर्मी र कर्मचारी मतपत्रसहित पुगिसकेका छन् । जिल्लाका १२८ मतदान स्थललाई संवेदनशील सूचीमा राखिएको छ भने ६२ वटा मतदानस्थल अति संवेदनशील सूचीमा परेका छन् । जिल्लामा ७८ वटा मतदानस्थल भने सामान्य सूचीमा छन् । जिल्ला प्रशासन कार्यालय रुपन्देहीका प्रवक्ता एवं सहायक प्रमुख जिल्ला अधिकारी कमलप्रसाद पाण्डेले सुरक्षा चुनौतीलाई मध्यनजरमा राखेर काम गरिएको बताउए । यहाँ म्यादी प्रहरी दुई हजार चार सय, नेपाल प्रहरी एक हजार चार सय र सशस्त्र प्रहरी छ सय, नेपाली सेना छ सय परिचालन गरिएको छ । निर्वाचनका बेला तीन वटा घेरामा सुरक्षाकर्मी परिचालन गरिनेछ । पहिलो घेरामा म्यादी, दोस्रोमा प्रहरी र तेस्रोमा सशस्त्र प्रहरी रहनेछन् । मोबाइल टोलीको रुपमा सेनालाई पनि खटाइनेछ । रूपन्देहीमा सात सय मतदान केन्द्र र २०८ मतदान स्थल तोकिएका छन् ।

### सीमा क्षेत्रमा उच्च सुरक्षा सतर्कता

पर्सा । स्थानीय तहको निर्वाचनलाई लक्ष गरी पर्साका नेपाल-भारत सीमा क्षेत्रमा सशस्त्र प्रहरीको टोलीले उच्च सुरक्षा सतर्कता अपनाएको छ । निर्वाचनका बेला सीमा क्षेत्रमा हुनसक्ने आपराधिक क्रियाकलाप नियन्त्रण गर्ने उद्देश्यले दुवै जिल्लाका सीमा क्षेत्रमा उच्च सुरक्षा सतर्कता अपनाइएको हो । सशस्त्र प्रहरी बल, नेपाल नं १३ गणका अनुसार मातहतका सबै सुरक्षा शाखालाई परिचालन गरी सीमा क्षेत्रमा निगरानी गर्दै आएको गणका प्रमुख एवं सशस्त्र प्रहरी उपरीक्षक तेजप्रसाद पोखरेलले जानकारी दिए । यता बारा जिल्लामा पनि सशस्त्र प्रहरीले चुनावका बेलामा सीमा क्षेत्रमा निगरानी थालेको छ । सीमा क्षेत्रमा हुनसक्ने सबै प्रकारका आपराधिक क्रियाकलाप नियन्त्रण गर्ने उद्देश्यले उच्च सुरक्षा सतर्कता अपनाइएको जिल्लास्थित सशस्त्र प्रहरी बल १२ नं गणका प्रहरी उपरीक्षक राजेन्द्र थापाले जानकारी दिए । पर्सा तथा बारास्थित जिल्ला सशस्त्र प्रहरी गण मातहत सुरक्षा बेस, सीमा सुरक्षा पोष्ट (बिओपी) र सीमा निगरानी पोष्ट ( एफओवी) निर्वाचनका बेलामा शान्ति सुरक्षामा क्रियाशिल रहेका छन् ।

### स्थगित निर्वाचन ३ गते हुने

कपिलवस्तु । महाराजगंज नगरपालिका उपमेयरमा नेपाली कांग्रेसले रिताकुमारी कुर्मीलाई उम्मेदवार बनाएको छ । कांग्रेसबाट उपमेयरको उम्मेदवारी दिएकी निवर्तमान उपमेयर शोभावती कुर्मीको निधन भएको थियो । उनको ठाउँमा उनैकी बुहारी रिताकुमारी कुर्मीलाई उम्मेदवार बनाइ निर्वाचन कार्यालय महाराजगंजमा उम्मेदवारी दर्ता गराइएको नेपाली कांग्रेस कपिलवस्तुका सभापति अब्दुल कलामले बताए । शोभावती कुर्मीको निधनपछि निर्वाचनको मिति स्थगित गरी अर्को सूचना जारी गरी मतदानको मिति जेठ ३ गतेलाई तोकिएको महाराजंगज नगरपालिकाका निर्वाचन अधिकृत कुवेर पाण्डेयले बताए । रिताकुमारी २८ वर्षीया महिला हुन् । उनले अनमी अध्ययन गरी जिल्लाका विभिन्न स्वास्थ्य संस्थामा काम गर्दे आएकी छिन् । उम्मेदवारी दिएपछि कुर्मीले सासुका अधुरा सपना साकार पार्नुका साथै नगरमा शिक्षा र स्वास्थ्य क्षेत्रमा विकासका काम गर्ने योजना रहेको बताइन् ।

### रौतहटको सीमानाका बन्द

रौतहट । स्थानीय तह निर्वाचनका लागि रौतहटसहित सर्लाही र महोत्तरीसँग जोडिएको नेपाल-भारत सीमा नाका तीन दिनका लागि बन्द गरिएको छ । महोत्तरीको बर्दिबासमा बसेको तीन जिल्लाका सुरक्षा अधिकारी तथा भारतको सीमामढी जिल्लाका पदाधिकारी र सम्बद्ध अधिकारीबीचको संयुक्त सीमा समन्वय बैठकले सीमा नाका सिल (बन्द) गर्ने निर्णय गरेको हो। नेपालका तर्फबाट सर्लाहीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमको नेतृत्वमा बसेको बैठकमा महोत्तरी र रौतहटका प्रमुख जिल्ला अधिकारी, महोत्तरी र सर्लाहीका सहायक प्रमुख जिल्ला अधिकारी, तीनवटै जिल्लाका नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धानका प्रमुखको उपस्थिति थियो। यस्तै बैठकमा तीनवटै जिल्लाका भन्सार कार्यालयका प्रमुखको पनि उपस्थिति थियो। भारतको तर्फबाट भने सीतामढी जिल्लाका मुख्य जिल्ला अधिकारीको नेतृत्वमा त्यहाँका प्रहरी प्रमुख, भन्सार प्रमुख र एसएसबीका अधिकारीको उपस्थिति थियो। बैठकमा विहारको स्थानीय निर्वाचनमा नेपालका अधिकारीबाट पाएको सहयोगका लागि भारतीय पक्षले धन्यवाद व्यक्त गर्नुका साथै नेपालमा वैशाख ३० मा हुन लागेको स्थानीय तह निर्वाचनमा आवश्यक सहयोग तथा समन्वय गर्ने भारतीय पक्षले प्रतिबद्धता व्यक्त गरेको सर्लाहीका प्रमुख जिल्ला अधिकारी गौतमले बताए ।

# स्वामी विवेकानन्द सास्कृतिक केन्द्रले मनायो टैगोरको जन्मजयन्ती मनायो




काठमाडौं । स्वामी विवेकानन्द साँस्कृतिक केन्द्र र केन्द्रीय विद्यालय मिलेर यही वैशाख २६ गते भारतीय राजदूतावासस्थित विवेकानन्द हलमा गुरुदेव रवीन्द्रनाथ टैगोरको १६१ औं जन्मजयन्ती मनायो । यो कार्यक्रम हाल जारी INDIA@75 आजादीका अमृत महोत्सवकै एक हिस्सा अनुरुप आयोजना गरिएको हो ।
कार्यक्रममा प्रेस, सूचना तथा संस्कृति प्रभागका प्रथम सचिव नवीन कुमारले रवीन्द्रनाथ टैगोरको प्रतिभाको प्रशंसा गर्नुका साथै र आफूभित्र लुकेको क्षमतालाई उपयोग गर्न सबैलाई आग्रह गर्नुभयो । स्वामी विवेकानन्द साँस्कृतिक केन्द्रका शास्त्रीय संगीतका गुरु तथा विद्यार्थीहरुले एकसाथ रवीन्द्र संगीतको वाचन गरेका थिए भने केन्द्रीय विद्यालय काठमाडौंका विद्यार्थीहरुले टैगोरको रचनामा आधारित गीत र नृत्य प्रस्तुत गरेका थिए जसलाई त्यहाँ उपस्थित दर्शकहरुले अत्यन्तै रुचाएका थिए ।
लुम्बिनी विश्व शान्ति मञ्चका अध्यक्ष तथा चर्चित वक्ता वासु गौतमले "शान्ति निकेतन: शिक्षामा टैगोरको विचार" शीर्षकमा अन्तरक्रियात्मक प्रस्तुति दिनुभएको थियो ।
उक्त कार्यक्रममा संगीत, कला र साहित्यका युवा विद्यार्थीहरु, ऋद्यक्ष्‍ विद्यालयका बालबालिकाहरु, भारतीय डायस्पोराका सदस्यहरु र विद्वानहरुले सहभागीता जनाएका थिए ।

## सबै नागरिकलाई मतदानमा भाग लिन प्रधानमन्त्रीको आव्हान

काठमाडौं । प्रधानमन्त्री शेरबहादुर देउवाले स्थानीय तहको निर्वाचनमा मताधिकार भएका सबै नागरिकलाई मतदानमा भाग लिन आव्हान गरेका छन् । प्रधानमन्त्री देउवाले एक अपिल जारी गर्दै स्थानीय तहलाई कानुनत: सबल र समृद्ध बनाउने प्रतिबद्धता अनुसार काम भइरहेको उल्लेख गरेका छन् । प्रधानमन्त्री देउवाले स्थानीय तहको निर्वाचन लोकतन्त्रको आधार भएकाले यो अभियानका निर्भीकताका साथ सहभागी भई मतदानमा भाग लिन आव्हान गरेका हुन् । स्थानीय तह निर्वाचन २०७९ का लागि देशभरका ७ सय ५३ पालिकाका सबै मतदान केन्द्रमा मतदान सामग्री पुऱ्याइएको छ । निर्वाचन कार्यक्रम अनुसार मतदान हुन ३ दिन अघि नै मतदान सामग्री पुऱ्याउनु पर्ने भएकाले ७ सय ५३ पालिकाका १० हजार ७ सय ५६ मतदान स्थलमा मतदान अधिकृत सहितको सामग्री पुगेको निर्वाचन आयोगले जनाएको छ ।

# राजदूत शर्माले बुझाए ओहोदाको प्रमाणपत्र



काठमाडौं । भारतका लागि नेपाली राजदूत डा. शंकर शर्माले भारतीय राष्ट्रपति रामनाथ कोविन्दसमक्ष ओहोदाको प्रमाणपत्र पेश गरेका छन् । नयाँदिल्लीस्थित राष्ट्रपति कार्यालयमा बुधबार आयोजित समारोहमा राजदूत शर्माले ओहदाको प्रमाणपत्र बुझाएका हुन् । 'आगामी दिनमा नेपाल–भारतबीचको मजबुत र सदियौंदेखिको संबन्ध नयाँ उचाइमा पुग्ने अपेक्षा लिएको छु', राजदूत शर्माले ओहोदाको प्रमाणपत्र बुझाएपछि ट्विटमा भनेका छन् । देउवा नेतृत्वको सरकारले ६ महिनाअघि डा. शर्मालाई नेपाली कांग्रेसको कोटामा भारतका लागि राजदूत सिफारिस गरेको थियो । प्रधानमन्त्री देउवाको भारत भ्रमण अघि डा. शर्मा कार्यभार सम्हाल्न नयाँ दिल्ली पुगेका थिए । शर्मा अमेरिकाका लागि पूर्वनेपाली राजदूत हुन् । अर्थविद् डा. शर्मा विगतमा राष्ट्रिय योजना आयोगको उपाध्यक्षका रुपमा पनि काम गरिसकेका छन् ।

# भारतीय कलाकार सुदले मुस्कानलाई पढाइदिने

काठमाडौं । वीरगन्ज महानगर-१३ राधेमाईकी १५ वर्षीया तृप्ति मुस्कानको उच्च शिक्षासम्मको अध्ययनको जिम्मेवारी बलिउड कलाकार सोनु सुदले लिएका छन् । मुस्कान राधेमाईस्थित साउथ जोन माविबाट हालै एसईई दिएर नतिजाको प्रतीक्षामा छन् । उनले भविष्यमा कम्प्युटर इन्जिनियरिङको अध्ययन गर्न चाहेको बारे कलाकार सुदले दिल्लीमा बस्दै आएका मुस्कानका दाइ आनन्द सौरभ कर्णमार्फत थाहा पाएका थिए ।
आनन्दले मुस्कानका बुबा त्रिलोकनाथ लाल कर्णको गत वर्ष कोरोना संक्रमणका कारण मृत्यु भएपछि मुस्कानको अध्ययनदेखि परिवारलाई गुजाराको समेत समस्या भएकोबारे गत मार्च १५ मा ट्वीट गर्दै सहयोगको अपिल गरेका थिए । उक्त अपिललाई आफ्नो ट्वीटर ह्यान्डलबाट यसै साता साझा गर्दै सुदले मुस्कानको पढाइको व्यवस्था भइसकेको घोषणा गरेका हुन् । सुदले ट्वीटमा लेखेका छन्, 'नेपालमा सबैलाई भन्दिनू, अब पूरै जीवनका लागि तपाईंको पढाइको व्यवस्था भइसकेको छ ।'
सुदकी श्रीमती समायराले झन्डै १ महिनाअघि टेलिफोन सम्पर्क गरी आफ्नो पारिवारिक र शैक्षिक अवस्थाबारे सबै जानकारी लिएकी मुस्कानले बताइन । त्यस क्रममा समायराले सोनु सुद फाउन्डेसनले आफ्नो उच्च शिक्षा अध्ययनसम्मको सबै जिम्मेवारी बहन गर्ने बताएकी मुस्कानले सुनाएन् । सजी एजुकेसनमार्फत स्कुलमा बक्यौता रहेको ५४ हजार ८ सय ५६ रुपैयाँ पनि फाउन्डेसनले पठाइदिइसकेको छ ।

## आर्थिक समाचार

### ग्लोबल आइएमई बैंक र नेपाल क्लियरिङ्ग हाउसबीच सम्झौता

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेड र नेपाल क्लियरिङ्ग हाउस लिमिटेडबीच नेशनल पेमेन्ट स्वीचको पहिलो चरणको थालनीका लागि औपचारिक रुपमा नेपाल पे क्यूआर सुविधा सुचारु गर्न सम्झौता भएको छ ।
ग्लोबल आइएमई बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य र नेपाल क्लियरिङ्ग हाउस लिमिटेडका प्रमुख कार्यकारी अधिकृत निलेश मान सिंह प्रधानले बैंकको कर्पोरेट कार्यालयमा आयोजित एक कार्यक्रममा उक्त सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् ।
सम्झौताअनुसार ग्लोबल आइएमई बैंकले नेशनल पेमेन्ट स्वीचको पहिलो चरणअन्तर्गत बिलर गेटवेको सफल इन्टिग्रेसन गरी आफ्नो मोबाइल बैंकिङ्ग एप ग्लोबल स्मार्ट प्लसमा सरकारी तथा अर्ध-सरकारी बिल भुक्तानी, क्रेडिट कार्डको बिल भुक्तानी, बीमा शुल्क भुक्तानी, सेयर कारोबारको भुक्तानीलगायतका विभिन्न भुक्तानीहरु उपलब्ध हुने व्यवस्था गरेको छ ।
साथै बैंकले नेशनल पेमेन्ट स्वीचअन्तर्गतका नेपालपे क्यूआर, नेपालपे इन्सट्यान्ट, नेपालपे रिक्वेस्ट, लगायतका अन्य सेवाहरु पनि चाँडै नै उपलब्ध गराउने छ ।
सुरक्षित र भरपर्दो माध्यमको रुपमा विकास हुँदै गरेको डिजिटल पेमेन्ट प्रणालीको प्रवर्द्धनका लागि ग्लोबल आइएमई बैंक सदैव अग्रसर रहिआएको छ ।
ग्लोबल आइएमई बैंकले मुलुकभर तथा मुलुक बाहिर गरी सबै क्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुऱ्याउने उद्देश्यले ७६ जिल्लामा बैंकको २८८ शाखा, २५९ एटीएम, २७५ शाखा रहित बैंकिङ्ग सेवा, ५१ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी करिब ८७० सेवा केन्द्रबाट २८ लाख भन्दा बढि ग्राहकलाई सेवा प्रदान गरिरहेको छ ।

# मतदानको दिन पालना गर्नुपर्ने आचरण



काठमाडौं । निर्वाचन आचार संहिता, २०७८ ले मतदानको दिन मतदानकेन्द्रमा राजनीतिक दल उम्मेदवार, दलको भातृ संगठन, मतदाता तथा अन्य सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने आचरणको सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ । यस अनुसार राजनीतिक दल वा उम्मेदवारको प्रतिनिधिले निर्वाचन चिन्ह वा मत संकेत भएको पहिरन वा ब्याज लगाउन नहुने, कुनै राजनीतिक दल वा उम्मेदवारको पहिचान देखिने गरी एकै किसिमको सांकेतिक पोशाक र चिजवस्तु लगाउन, बोक्न वा देखाउन नहुने, कुनै किसिमको सवारी साधन प्रयोग गरी आवतजावत गरी कसैलाई लैजान वा ल्याउन नहुने तथा मतदाता एवम् आयोगले अनुमति दिएका व्यक्ति वा अधिकारी बाहेक अन्य कुनै पनि व्यक्ति मतदानकेन्द्रमा प्रवेश गर्न नहुने व्यवस्था छ ।

यसैगरी मतदाताहरुले मतदानकेन्द्रमा मतदान गर्न जाँदा मोवाइल क्यामेरा तथा फोटो खिच्ने सामग्री, सलाई, लाईटर जस्ता प्रज्वलनशील पदार्थ, एसिड कुनै प्रकारको हात हतियार, नमूना मतपत्र लगायतका कागजातहरू, कुनै राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिह्न भएको वा संकेत जनिने कुनै वस्तु लैजान नपाउने, कुनै नसालु पदार्थ वा मादक पदार्थ सेवन गर्न नहुने, मतदातालाई मतदान गर्न वञ्चित गराउने अभिप्रायले झुठा अफवाह भ्रामक समाचार फैलाउने वा कुनै अवरोध गर्ने काम गर्न गराउन नहुने, कसैको दल वा उम्मेदवारको झण्डा वा चिन्ह अंकित कुनै कुरा लगाउन, बोक्न वा प्रदर्शन गर्न नहुने तथा कसैको पक्ष विपक्षमा सामाजिक संजाल मार्फत् कुनै कुरा प्रकाशन प्रसारण र संप्रेषण गर्न नहुने जस्ता व्यवस्थाहरु गरिएका छन् ।

यसर्थ, स्थानीय तह सदस्य निर्वाचन हुने दिन वैशाख ३० गते शुक्रबार सबै मतदानस्थल तथा मतदानकेन्द्रहरुमा उपरोक्त अनुसारको व्यवस्था कडाईसाथ कार्यान्वयन गर्न गराउन सबै मतदान अधिकृत लगायत मतदान कार्यमा खटिने कर्मचारी, सुरक्षाकर्मी, उम्मेदवार तथा उम्मेदवारका प्रतिनिधि सबै मतदाता, राजनीतिक दल, नागरिक समाज, पत्रकार तथा निर्वाचनका सबै सरोकारवालाहरूलाई निर्वाचन आयोगले अपिल गरेको छ ।

## ४४ दिन...

त्यसपछि उनी १८ औं सार्क शिखर सम्मेलनमा भाग लिन सन् २०१४ को नोभेम्बरमा काठमाडौं आए । उक्त भ्रमणमा मोदी जनकपुर र लुम्बिनी जान चाहेपनि अन्तिम समयमा कार्यक्रम रद्द गरिएको थियो ।
मोदी तेस्रो पटक सन् २०१८ को मे महिनामा नेपाल आएका थिए । उनको नेपाल भ्रमण जनकपुरबाट शुरु भयो । मोदीलाई स्वागत गर्न तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली जनकपुर गरे । मोदीलाई जनकपुरमा भव्य नागरिक अभिनन्दन गरियो । पशुपतिनाथ र मुक्तिनाथको भ्रमण गरेर उनी फर्केका थिए ।
मोदीको चौथो भ्रमण २०१८ अगस्टमा भयो । नेपालले आयोजना गरेको बिमस्टेक शिखर सम्मेलनमा मोदीले सहभागिता जनाएका थिए । उनले त्यसबेलै लुम्बिनी भ्रमण गर्न चाहे पनि सम्भव भएन । मोदीको पाँचौ नेपाल यात्रा चाहिँ लुम्बिनी मात्रै हुँदैछ ।

**तयारी तीब्र**

भारतीय प्रधानमन्त्री मोदी आउने भएपछि गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा तयारी तीब्र पारिएको छ । भ्रमण तयारीमा संलग्न अधिकारीहरुका अनुसार मोदीसहितको भारतीय प्रतिनिधिमण्डलको अवतरणका लागि चारवटा हेलिप्याड निर्माण जारी छ ।
लुम्बिनीस्थित अन्तर्राष्ट्रिय सभा हलको पश्चिम तथा दुई नम्बर गेटको दक्षिणमा हेलिप्याड निर्माण जारी छ ।
भारत सरकारले लुम्बिनीमा बौद्ध संस्कृति तथा परम्परा केन्द्र निर्माण गर्ने भएको छ । प्रधानमन्त्री देउवा र भारतीय प्रधानमन्त्री मोदीले केन्द्र निर्माण शिलान्यास गर्नेछन् । मोदीले मायादेवी मन्दिर दर्शन र भारतीय बुद्धिस्टहरुको संस्था इन्टरनेसनल बुद्धिस्ट कन्फेडेरेसनले बनाउने बौद्ध बिहारको शिलान्यास गर्ने कार्यक्रम रहेको छ ।
अन्तर्राष्ट्रिय बुद्धिस्ट कन्फेरेडेसन भारतको संस्कृति तथा पर्यटन मन्त्रालय मातहत छ/ । एक अर्ब भारतीय रुपैयाँमा तीन वर्षभित्र बौद्ध बिहार निर्माण पूरा गर्ने लक्ष्य राखिएको छ ।

**यस्तो छ भ्रमण तालिका**

बिहीबार परराष्ट्र मन्त्रालयले विज्ञप्ति जारी गर्दै प्रधानमन्त्री देउवाको निमन्त्रणमा भारतीय प्रधानमन्त्री मोदी लुम्बिनी भ्रमणका लागि आउन लागेको जनाएको छ ।
लुम्बिनी भ्रमणका क्रममा प्रधानमन्त्री देउवासँगै उनका समकक्षी मोदीले मायादेवी मन्दिरमा पूजाअर्चना गर्ने, लुम्बिनीको विहार क्षेत्रमा बौद्ध संस्कृति तथा सम्पदा केन्द्रको शिलान्यास गर्ने र विशेष समारोहलाई सम्बोधन गर्ने कार्यक्रम रहेको मन्त्रालयले जनाएको छ ।
प्रधानमन्त्री मोदीलाई मायादेवी मन्दिर परिसरमा परराष्ट्रमन्त्री डा. नारायण खड्काले स्वागतसँग शिष्टाचार भेट गर्नेछन् । त्यसपछि दुवै प्रधानमन्त्रीले नेपाल-भारत सहयोग र आपसी हितका विषयमा द्विपक्षीय वार्ता गर्ने जनाइएको छ । प्रधानमन्त्री देउवाले भारतका प्रधानमन्त्री र भ्रमण दलमा रहेका प्रतिनिधिमण्डलको सम्मानमा लुम्बिनीमै दिवाभोजको आयोजना गर्नेछन् ।

**सुरक्षा सतर्कता कडा**

मोदी लुम्बिनी आउने भएपछि लुम्बिनी क्षेत्रमा सुरक्षा सतर्कता अपनाइएको छ । मोदीको सुरक्षाका लागि ३० जना भारतीय सुरक्षाकर्मी (स्पेशल प्रोटेक्सन गार्ड ) बुधबार नै लुम्बिनी आइसकेका छन् । उनीहरू भारतीय वायु सेनाको विमानमार्फत गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवामा अवतरण गरेका थिए । बुधबारदेखि नै लुम्बिनीमा नेपाली र भारतीय सुरक्षाकर्मीको टोलीले संयुक्त गस्ती सुरु गरीसकेको छ । जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रमुख, एसपी रेवीन्द्र रेग्मीले भने, 'लुम्बिनीसहित आसपासका सबै क्षेत्रमा त्रुटिरहित उच्च सुरक्षा सतर्कता अपनाएका छौं ।'
मोदीको स्वागतको लागि लुम्बिनी विकास कोषले पनि तयारी तीव्र बनाएको छ । मायादेवी मन्दिर परिसर रंगरोगन, मोदीलाई लुम्बिनी अवतरणको लागि ४ वटा हेलिप्याडको निर्माण, स्वागत द्वारलगायतका कामहरू अन्तिम चरणमा पुगेको लुम्बिनी विकास कोषका कोषाध्यक्ष एवं २५६६औं बुद्धजयन्ती मूल समारोहका प्रचार संयोजक सिद्धिचरण भट्टराईले बताए । मायादेवी मन्दिरमा करिब ४० मिनेट बिशेष पूजामा सहभागी हुने र त्यहाँ केही बेर फोटोशेसन तथा अशोक स्तम्भ अगाडि दिप प्रज्वलन गर्ने कार्यक्रम रहेको छ ।

## मधेशमा...

नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले रौतहटको गौरबाट स्थानीय तह निर्वाचनमा मतदान गर्ने भएका छन् । उनले रौतहटको गौर नगरपालिका वडानम्बर २ मा रहेको रामजानकी कन्या मन्दिर मतदान केन्द्रबाट मतदान गर्ने नेपालको सचिवालयले जनाएको छ । पूर्व प्रधानमन्त्री समेत रहेका नेपालको गृह जिल्ला पनि रौतहट हो ।
यस्तै जनता समाजवादी पार्टीका केन्द्रीय समिति अध्यक्ष उपेन्द्र यादवले मोरङ र वरिष्ठ नेता अशोक राईले उदयपुरबाट मतदान गर्ने भएका छन् । यादवले मोरङको विराटनगर १४ स्थित डिग्री क्याम्पसबाट मतदान गर्ने छन् । उनी सप्तरी क्षेत्र २ बाट निर्वाचित भएका थिए । उनको मतदाता नामावली भने मोरङको विराटनगर पालिकामा छ । यस्तै वरिष्ठ नेता राईले उदयपुरका चौदन्यगढी नगरपालिका ४ स्थित नारद आदर्श माध्यमिक विद्यालयबाट मतदान गर्ने भएका छन् । यस्तै कृषि पशुपंक्षि विकास मन्त्री महेन्द्र राय यादवले सर्लाहीको रिपूर्वा नगरपालिका ९ स्थित रामजानकी मन्दिर मतदान केन्द्रबाट मतदान गर्ने छन् । उनी जसपा शिर्ष नेता मध्येमा पर्छन् ।
नगराइन नगरपालिकाको राजेश्वर निधि माध्यमिक विद्यालयमा मतदान गर्न लागेका हुन् ।



**मिथिला दर्शन**
टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं